# परिच्छेद - एक

## १. शोध परिचय :

### १.१ शोधशीर्षक :

प्रस्तुत शोध अध्ययनको शीर्षक " कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरुको निबन्धलेखन क्षमताको अध्ययन " रहेको छ ।

### १.२ शोध प्रयोजन :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, नेपाली दोस्रो वर्षको पाठ्यांश ( ने.पा.शि.५९८) को उद्देश्यपूर्तिका निमित्त गरिएको छ ।

### १.३ समस्याकथन :

ज्ञान आर्जनको माध्यम भाषा हो । भाषाद्वारा विचारको आदान-प्रदान हुन्छ । यस्तो आदान-प्रदानमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ संलग्न हुन्छन् । यी मध्ये सुनाइ र पढाइ आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् ।

भाषा सिकाइका क्रममा सवै सीपहरु एक आपसमा अन्तर्सम्बन्धित रहेका हुन्छन् । प्रारम्भमा सम्प्रेषणका लागि सुनाइ र बोलाइबाट काम चलाइन्छ भने पढाइ र लेखाइले भाषाको लेख्य पाठ्य रुपलाई प्रतिनिधित्व गर्दछ । लेखाइ सीप भनेको यी चार सीप मध्येको एक प्रमुख सीप हो । अभिव्यक्तिलाई स्थिरता, सञ्चितता र चिरस्थायी बनाउने माध्यम लेखाइ हो । अभिव्यक्तिको प्रौढ र परिपक्व रुप तथा मौन रुपमा गुम्सिएर रहेको कुरा आफ्ना विचारहरुलाई सम्झनामा राखिराख्न, भविष्यमा आफू तथा अरुका लागि समेत उपयोगी बनाउन लेखाइ सीप आवश्यक हुन्छ । लेखाइ सीप व्यक्त  गर्ने एक महत्त्वपूर्ण माध्यम लेखाइ हो ।

यसमा पनि लेखेर नै जीवन चलाउने कलमजीवीहरूका लागि यो अत्यावश्यक एवं आधारभूत सीप बन्न जान्छ, लेखाइ सीप मानवीय जीवनसँग सम्बन्धित हुन्छ । यसरी मानवीय जनजीवनमा लेखाइ सीपको प्रत्यक्ष सम्बन्ध रहेको छ । यस सीपमा विद्यार्थीहरुलाई दक्ष बनाउन

विद्यालयका तल्ला तहदेखि नै विद्यार्थीहरूमा लेखनकलाको विकास गर्दै लैजानु अनिवार्य भइसकेको छ ।

लेखाइ सीप विकासका लागि लेखनसम्बन्धी धेरै कार्यकलापहरू रहेका छन् । ती विविध कार्यकलापहरूमध्ये निबन्धलेखनलाई लेखनकला विकासमा महत्त्वपूर्ण कार्यकलापका रुपमा प्रष्ट्याइएको छ । किनकि निबन्ध लेखनमा लेखाइसम्बन्धी सम्पूर्ण ढङ्ग, ढाँचा र लेखाइको मानक रुपमा विश्वास गरिन्छ । कुनै निश्चित विषय शीषकसँग सम्वन्धित आफ्ना तर्क, बिचार तथा धारणाहरु निबन्धमा प्रस्तुत गरिन्छ । विभिन्न अनुच्छेदमा बिचारको शृङ्खलाबद्ध अभिव्यक्तिको अपेक्षा निबन्धमा  गरिन्छ । निबन्ध लेखनमा अनुच्छेदबद्धताले निकै महत्त्व राख्दछ । निबन्धको प्रारम्भिक अनुच्छेद परिचयात्मक हुन्छ भने कुनै खास बुँदाको विस्तृतीकरण वा विस्तारसँग सम्बन्धित हुन्छ । कुनै अनुच्छेदमा पहिलेका दुई वा दुईभन्दा बढी अनुच्छेदमा व्यक्त भएका बिचारको समीक्षा हुन सक्छ । निबन्ध लेखनमा अनुभव र ज्ञान सम्पन्नताको प्रशस्त हात रहन्छ । सफल निबन्ध लेखनले प्रौढताको सङ्केत गर्छ । साहित्यका अन्य विधाहरुभन्दा गहन भएको हुँदा सफल निबन्ध लेख्नुभन्दा पहिले विद्यार्थीहरुले सामान्यत : खास वस्तु, चित्र, अनुभव तथा घटनाका विषयमा लिखित अभिव्यक्ति दिनसक्नु पर्दछ ।

निबन्ध लेखन लेखाइ सीप विकासको महत्त्वपूर्ण आधार हो । बालबालिकाहरूलाई प्रारम्भिक कक्षाहरुमा उनीहरुसँग परिचित विषयमा छोटो निबन्धलेखन लगाएर लेखाइ सीप विकास गराउने कोसिस गरिन्छ । त्यसपछि क्रमशः माथिल्ला तहहरुमा जाँदा आत्मपरक शैलीमा निबन्ध लेखनमा सहभागी गराउनु पर्दछ। विद्यालय तथा विश्वविद्यालय तहका नेपाली पाठ्यक्रमहरुले निबन्ध विधा शिक्षण तथा निबन्धलेखन शिक्षणसम्बन्धी पाठ्यवस्तु छनोट गरी स्तरण गरिएको तथ्यले यसको महत्त्व अझ स्पष्ट हुन्छ ।

यसरी वर्तमान शैक्षिक पाठ्यक्रमहरुले निबन्ध लेखन सम्बन्धी पाठ्यवस्तुलाई महत्त्व दिइराखेको परिप्रेक्ष्यमा उच्च माध्यमिक तह ( कक्षा ११ र १२ ) मा अध्ययनरत विद्यार्थीहरुमा केन्द्रित रहेर अनुसन्धान अध्ययन गर्ने उद्देश्यले " कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन " शीर्षकसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

क) उच्च मा.वि.तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता के - कस्तो छ ?

ख) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली इतर मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति के - कस्तो छ ?

ग) सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा निबन्धलेखन क्षमताको भिन्नता के - कस्तो छ ?

घ) लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति के - कस्तो छ ?

ङ) स्थानीयताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति के- कस्तो छ ?

च) विद्यार्थीहरूमा निबन्धलेखन सम्बन्धी के - कस्ता कमजोरीहरू रहेका छन् ?

छ) निबन्धलेखन क्षमता अभिवृद्धिका निम्ति के - कस्ता सुझावहरू हुन सक्छन् ?

ज) विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा रहेको भिन्नता के - कस्तो रहेको छ ?

**१.४ अध्ययनको उद्देश्य :**

कुनै पनि कार्य गर्नाको निश्चित उद्देश्य हुने गर्दछ । उद्देश्य विना कुनै पनि कार्य गरिँदैन । उद्देश्य नराखी गरिएका कार्यहरूले सार्थक सफलता पाउन सक्दैनन् । प्रस्तुत शोध कार्य गर्नाका पनि केही निश्चित उद्देश्यहरू छन् । जुन यस प्रकार रहेका छन् :-

क) उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरू निबन्धलेखन क्षमता पहिचान गर्नु ,

ख) सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ,

ग) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली इतर मातृभाषा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ,

घ) लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ,

ङ) ग्रामीण र सहरी क्षेत्रका विद्यालयमा अध्ययनरत उक्त तहका विद्यार्थीहरूमा निबन्धलेखनसम्बन्धी कमजोरी पहिचानगरी निराकरणका उपाय सुल्झाउनु ।

## १.५ प्राक्कल्पना :

प्राक्कल्पना तार्किक रुपमा गरिएको अनुमान हो, काल्पनिक होइन । प्राक्कल्पना अनुसन्धानको निष्कर्षको पूर्वानुमान हो । अनुसन्धान कर्ताको पूर्व ज्ञान, अनुभव, दक्षता, पूर्वकार्यको समीक्षा विशेषज्ञको राय, सुझाव आदिको आधारमा प्राक्कल्पना निर्धारण गरिन्छ । प्राक्कल्पना सधैँ सही नै हुन्छ भन्न पनि सकिँदैन । तसर्थ अत्यन्त गहनताका साथ प्राक्कल्पना गर्नुपर्ने हुन्छ । यस शोध शीर्षकका बारेमा गरिएको प्राक्कल्पनाहरू निम्न बमोजिमका छन् :-

क) उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक छ ।

ख) सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा खासै अन्तर छैन ।

ग) नेपाली मातृभाषी र नेपाली इतर मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा खासै अन्तर छैन ।

घ) लैङ्गिग आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा उल्लेख्य अन्तर हुने छैन ।

ङ) ग्रामीण क्षेत्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूभन्दा सहरी क्षेत्रका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता बढी हुनेछ ।

## १.६ अध्ययनको औचित्य :

भाषा मानवीय वस्तु हो । भाषा विचार विनिमयको साधन हो । विचार विनिमय मौखिक र लिखित दुवै ढङ्गबाट हुन्छ । हुनत भाषाको मूलरूप मौखिक हो भने त्यसको विकसित तथा औपचारिक रूप लिखित हो । शैक्षिक गतिविधि तथा प्रशासनिक कार्यमा भाषाको लिखित स्वरूपलाई उपयोगमा ल्याइन्छ ।

साक्षरता भन्नाले लेखपढ गर्न जान्नु हो । साक्षरता शब्द विशेषतः शिक्षा क्षेत्रमा प्रचलित हुन्छ । जुन व्यक्तिले लिखित भाषालाई उपयोग गर्न सक्षम हुँदै जान्छ, त्यसै व्यक्तिलाई लेखपढ गर्न जान्ने साक्षर भनिन्छ । मानिसका अनुभव र ज्ञानलाई सञ्चय गर्न तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा सम्प्रेषित गर्न भाषाको लिखित माध्यमले विशेष महत्त्व राख्दछ । त्यसैले विद्यार्थीलाई लेखाइमा दक्ष बनाउन प्रारम्भिक तहबाट नै लेखाइ सीपको विकास गर्दै लैजानु अत्यावश्यक छ । लेखाइ सीपको विकास गर्न निबन्धलेखन प्रक्रिया प्रमुख कार्यकलापका रुपमा

रहन्छ । निबन्धमा विषय वस्तुगत सघनता वा वैयक्तिकता, भाषिक तथा प्रस्तुतीगत सघनता जस्ता विशेषता फेला पार्न सकिन्छ । विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गर्न तथा उक्त क्षेत्रसँग सम्बन्धित अभिव्यक्ति बोधको अभ्यासका लागि विद्यार्थीहरूको निबन्धलेखन क्षमताको आवश्यता देखिन्छ । विद्यार्थीहरूको निबन्धलेखन प्रक्रियासँग अधिकांश लेखाइसम्बन्धी ज्ञानात्मक पक्षहरु समावेश हुने हुँदा पनि विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनको आवश्यकता देखिन्छ । यसरी विद्यार्थीहरूमा विकसित लिखित क्षमता पहिचान गर्ने प्रमुख आधार निबन्धलेखन भएको हुँदा यो अत्यन्तै आवश्यक देखिन्छ । कुनै पनि विषय शीर्षकमा केन्द्रित रहेर तथ्य र अनुभवको आधारमा विचारहरूको कमबद्ध प्रस्तुति नै निबन्ध हो । यसमा निश्चित विचारहरू अभिव्यक्त गरिन्छ । मौलिक र सिर्जनात्मक अभिव्यक्तिको विकास गर्ने माध्यम निबन्ध हो ।

भाषाका चार सीपहरु मध्ये लेखाइ सीपले लिखित अभिव्यक्ति पक्षलाई अँगाल्छ । कुनै पनि व्यक्तिले आफूले व्यक्त गर्न खोजेको कुराहरू कसरी प्रस्तुतीकरण गर्दो रहेछ भन्ने कुरा बुझ्न लेखाइ पक्षको भाषिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका रहन्छ । विद्यार्थीहरूको लेखनकलासम्बन्धी जानकारी लिन निबन्धलेखन क्षमताको अध्ययनबाट सहज हुने गर्दछ । लेखन विषयको शीर्षक छनोट गरिसकेपछि त्यसका लागि चाहिने बुँदाहरूको टिपोट गर्नुपर्छ र तिनीहरूको क्रम मिलाएर आदि, मध्य र अन्त्यका भागका लागि बाँड्नुपर्छ । बाँडिएका बुँदाहरूलाई आवश्यकता अनुसार आवश्यक अनुच्छेदहरूमा विस्तारगरी परिमार्जनका साथ साफी लेखन गर्नुपर्छ । लेखाइसम्बन्धी ढङ्ग ढाँचाको पहिचान गर्ने निश्चित समयको सीमाभित्र निर्धारित शीर्षकमा लेखिएको नियमबद्ध रचनालाई साङ्ख्यिकी तथ्याङ्कका आधारमा अध्ययन विश्लेषण गर्दा विभिन्न समूहका विद्यार्थीहरूको लेखाइ क्षमता पहिचान गर्न सकिन्छ । यसका आधारमा लक्षित तह र समूहका विद्यार्थीहरूको लेखाइ क्षमताको पहिचानगरी सोही आधारमा भाषिक सीप सम्बद्ध पाठ्यांशलाई पाठ्यपुस्तक निर्माणका क्रममा छनोट र स्तरण गर्न पृष्ठपोषण प्रदान गर्ने पर्दछ ।

उच्च माध्यमिक तहमा अनिवार्य र ऐच्छिक नेपाली पाठ्यपुस्तकमा विधागत वितरण अन्तर्गत निबन्ध विधा शिक्षणका रुपमा समावेश गरिएका छन् । यिनीहरूको प्रमुख उद्देश्य विद्यार्थीहरूमा विभिन्न शीर्षकहरूमा सिर्जनात्मक ढङ्गले निबन्ध लेख्ने क्षमताको विकास गर्नु रहेको देखिन्छ । उच्च माध्यमिक तह स्नातक वा सो भन्दा माथिल्लो तहको आधार पनि

यसैलाई मान्न सकिन्छ । यस परिप्रेक्ष्यमा कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गरी कक्षा शिक्षणलाई अगाडि बढाउन मद्दत मिल्नेछ । सम्बन्धित कक्षाका विद्यार्थीहरूको लेखाइसम्बन्धी प्रौढताको क्षमता पहिचान, वर्ण विश्लेषण,शब्द चयन, निबन्ध लेखन सीप विविध रूपमा पृथक-पृथक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्न प्रस्तुत अध्ययन मार्गदर्शक बन्ने छ ।

निबन्ध एक महत्त्वपूर्ण विधा हो । विद्यालय तहदेखि उच्च तहसम्मका पाठ्यक्रमहरुले यसलाई समेटेका छन् । यो उच्च तहका विद्यार्थीहरूका लागि अत्यन्तै आवश्यकीय विधा भएकाले विभिन्न तहका पाठ्यक्रमहरूले यसलाई स्वतन्त्र र निर्धारित लेखनका रूपमा सम्बोधन गरेका छन् । यसरी निबन्धलेखनले आफ्नो अस्तित्वलाई विधाका रुपमा स्थापित गर्न खोजिरहेको परिप्रेक्ष्यमा हाल सम्म उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखनको अध्ययनसम्बन्धी कुनै किसिमको अनुसन्धान नभएको अवस्थामा प्रस्तुत अनुसन्धानात्मक अध्ययनको औचित्य स्वतः प्रष्टिएको छ । पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, शिक्षण प्रक्रिया र पद्धतिलाई समयसापेक्ष परिमार्जन गर्दै लैजान तथा भाषिक क्षमतासम्बन्धी प्रस्तुत अनुसन्धान अध्ययन गर्न चाहने अध्येयताहरूका लागि मार्गदर्शक बन्ने छ । विषयगत प्रश्नहरूको निबन्धात्मक उत्तर लेख्ने ढङ्ग ढाँचालाई प्रस्तुत अध्ययनले सम्बोधन गर्दछ । विषयगत प्रश्नहरूको समस्या समाधान गर्ने ठाउँ र परिस्थिति अनुसार लिखित अभिव्यक्ति दिन सक्ने क्षमता पहिचान गरी त्यसमा आवश्यक परिष्कार र परिमार्जन गर्दै लैजान सम्बन्धित व्यक्ति तथा निकायहरूलाई प्रस्तुत अनुसन्धान अध्ययनको सन्दर्भस्रोत बनेको छ ।
यसरी "कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन" शीर्षकमा देखिने समस्याहरूको समाधानमा प्रस्तुत अध्ययन केन्द्रित हुँदा यसको औचित्य धेरै रहने प्रष्ट देखिन्छ ।

**१.७ अध्ययनको सीमाङ्कन :**

जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता र गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । निश्चित सीमाङ्कन

नगरिएमा अनुसन्धान अध्ययनसफल हुन सक्दैन । त्यसैले प्रस्तुत अध्ययन निम्नलिखित सीमामा आबद्ध रहेको छ :-

क) कञ्चनपुर जिल्लाका विभिन्न भेगका  ६ विद्यालयहरूमा अध्ययनरत जम्मा ६० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

ख) कञ्चनपुर जिल्ला भित्रका सरकारी र निजी विद्यार्थीहरूमा सीमित रहेको छ ।

ग) उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखनमा केन्द्रित रहेको छ ।

घ) कञ्चनपुर जिल्लाका उच्च मा.वि. मा अध्ययनरत छात्र-छात्राहरूको निबन्धलेखन सँग सीमित रहेको छ ।

ङ) कञ्चनपुर जिल्लाभित्रका ग्रामीण र सहरी क्षेत्रका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन सँग सम्बन्धित रहेको छ ।

**१.८ शोधविधि :**

प्रस्तुत निबन्धलेखन क्षमताको अध्ययनका लागि मूलतः सामग्री सङ्कलन विधिद्वारा परीक्षण गरिएको छ । यस कार्यका लागि निम्न प्रक्रिया अपनाइएको छ :-

क) कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्न नमुना छनोट गरिएको छ ।

ख) नमुना छनोट गर्दा कञ्चनपुर जिल्ला अन्तर्गतका गाउँले क्षेत्रहरू दोधारा चाँदनी सुडा र बेल्डाँडी गरी ३ वटा र भीमदत्त नगरपालिका का ३ वटा गरी ६ ओटा निजी तथा सरकारी विद्यालय छनोट गरिएको छ ।

ग) उक्त गा.वि.स. तथा नगरपालिका प्रत्येक विद्यालयबाट १०-१० जनाका दरले जम्मा ६० जना विद्यार्थीहरूलाई नमुनाका रुपमा समावेश गरिएको छ ।

घ) प्रत्येक विद्यालयबाट १० जना विद्यार्थीहरू छनोट गर्दा स्थानीयता विद्यालयको प्रकृति, लिङ्ग, भाषिक पृष्ठभूमिका आधारमा छनोट गरिएको छ ।

ङ) पूर्वपरीक्षाका लागि ६ वटा विद्यालयहरू मध्ये कुनै एउटा विद्यालयका १० जना विद्यार्थीहरूलाई छनोट गरी ४ ओटा शीर्षक (२ आत्मपरक + २ वस्तुपरक) दिई परीक्षण गरिएको छ ।

च) पूर्व परीक्षाका लागि छनोट गरिएका शीर्षकहरू मध्ये विद्यार्थीबाट प्राप्त नतिजाअनुसार जाँचगरी लेखन दक्षताका आधारमा २ ओटा (आत्मपरक + वस्तुपरक) मात्र छनोट गरी २ ओटा शीर्षकहरू मात्र ६० जना विद्यार्थीहरूलाई लेखाउन लगाइएको छ ।

छ) उत्तरपुस्तिका परीक्षणका लागि उत्तरकुञ्जिका तयार पारिएको छ र उक्त उत्तर कुञ्जिका अनुसार परीक्षण गरिएको छ ।

ज) परीक्षा पश्चात् विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी तालिकीकरणको माध्यमद्वारा प्राथमिक र सहायक तथ्याङ्कको आधारमा उक्त तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## १.९ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान कार्य थाल्नु भन्दा पहिला विगतमा त्यससम्बन्धी भएका अनुसन्धानहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिला त्यस विषयसँग सम्बन्धित पहिले भइसकेका अनुसन्धानहरूको सिंहावलोकन गर्न आवश्यक हुन्छ । पहिले भएका अनुसन्धान कार्यहरूबाटै धेरै अनुभव ग्रहण गरी आफूले थालेको अध्ययन अनुसन्धान गर्न सहज हुने गर्छ । वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा हिँडाउने प्रत्येक सोधमा पूर्व अध्ययनहरूको विशेष महत्त्व हुन्छ । पूर्वकार्यको अध्ययनबाट नै आफूले गर्न लागेको कार्यमा अगाडि त्यस्ता कार्य भए नभएको बारेमा थाहा हुन्छ तर अनुसन्धानसँग सम्बन्धित नहुँदा पूर्वकार्यको समीक्षा समेत असहजता वा अप्ठ्यारो महसुस हुने गर्दछ ।

प्रस्तुत “कञ्चनपुर जिल्लाका उच्च मा.वि.तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन” शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धान खासै नभएको देखिन्छ । निबन्धलेखन क्षमताको अध्ययनसँग फाटफुट २, ४ ओटा अध्ययन भएको देखिन्छ, जुन अध्ययनहरू माध्यमिक तहसम्म मात्र भएका छन् । त्यसैले यहाँ पूर्वकार्यका रूपमा विभिन्न विद्वानहरूद्वारा विद्यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएका पाठ्य सामाग्री र शोध कार्यका निष्कर्षहरूलाई पूर्वकार्यको समीक्षाका रुपमा संक्षिप्त चर्चा गरिएको छ ।

हेमाङ्गराज अधिकारीद्वारा नेपाली भाषा शिक्षण ( सा.सं.२०६२) पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा लेखन तथा लिखित अभिव्यक्ति शिक्षण अध्याय पनि समावेश गरिएको छ । जसमा लेखाइ शिक्षणको महत्त्व र आवश्यकता, लेखाइ र बोलाइ, लेखाइ र पढाइ , लेखाइका प्रायोजनपरक तह, लेखाइमा पाइने कमजोरी र त्रुटि क्षेत्रहरू, लेखाइ शिक्षणका कार्यकलापहरू , लेखाइको शुद्धिकरण, अभ्यासिक र निर्देशित लेखन, लेखाइ शिक्षणका क्रममा विचार पुऱ्याउनु पर्ने केही विशेष कुराहरू जस्तै : उपशीर्षकमा लेखन कलासम्बन्धी विस्तृत चर्चा गरिएको छ । यसमा अनुच्छेद लेखनका लागि उपयोग गरिने धेरैजसो विषय शीर्षकहरू निबन्धलेखनका लागि पनि उपयोगमा ल्याउन सकिने कुराको सङ्केत गर्दै निबन्धका प्रकारहरूको सामान्य चर्चा गरिएको छ । निबन्ध लेखनमा अनुच्छेदबद्धताको विशेष महत्त्व रहन्छ भन्ने तर्फ विषयवस्तुलाई केन्द्रित गरिएको छ । सुरुमा आफ्ना अनुभव, चित्र तथा प्रतिमूर्तिहरूका बारेमा लिखित अभिव्यक्ति दिन सक्ने भएपछि मात्र निबन्ध लेखनमा प्रौढता प्राप्त गर्न सकिन्छ भन्ने अभिव्यक्ति प्रकट गरिएको छ । निबन्ध लेखनसम्बन्धी विस्तृत चर्चा गरिए पनि लेखन क्षमताको विश्लेषणात्मक मूल्याङ्कन प्रक्रियाका बारेमा मौन देखिन्छ ।  यसमा लेखाइसम्बन्धी प्रशस्त जानकारीहरु समावेश गरिएको छ । यसै आधारमा निबन्धलेखन क्षमतासम्बन्धी अध्ययन गर्न सहजता हुन जाने देखिन्छ ।

यादवप्रसाद लामिछानेको नेपाली भाषाशिक्षण परिचय (ते.सं.२०५७) नामक पुस्तकमा भाषा शिक्षणका सम्बन्धमा नेपाली भाषा शिक्षणको चर्चा गरिएको छ । यस पुस्तकमा लेखाइ शिक्षण एकाइलाई समावेश गरिएको छ । लेखाइ शिक्षणको आवश्यकता, कार्यकलापको बारेमा विस्तृत जानकारी दिने कोसिस गरिएको छ । लेखाइको शुद्धिकरण कसरी गर्ने, लेखाइमा पाइने कमजोरी तथा तिनका निराकरणका उपायहरू समेत दिएको छ । बी.एड्. तहका लागि यो पाठ्यपुस्तक तयार पारिए पनि नेपालीभाषा शिक्षणका लागि अत्यन्त उपयोगी देखिन्छ ।

भाषा शिक्षणका सम्बन्धमा हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको सह-लेखनमा तयार पारिएको प्रारम्भिक नेपाली शिक्षण (पाँ.सं.२०६३) नामक पुस्तक महत्त्वपूर्ण मानिन्छ । कक्षा ११ को पाठ्यक्रममा आधारित रहेर तयार पारिएको भएपनि नेपाली भाषाको शिक्षण प्रशिक्षणको क्षेत्रमा निर्माण गरिने विभिन्न पाठ्यक्रमहरूका लागि उपयोगी हुने देखिन्छ । यस

पुस्तकमा लेखाइ शिक्षणको आवश्यकता निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखाइ, लेखाइको शुद्धिकरण र पुनरावृत्ति जस्ता शीर्षकमा चर्चा गरिएको छ ।

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलको सहलेखनमा तयार पारिएको नेपाली भाषा र साहित्य शिक्षण (प्र.सं.२०६०) नामक पुस्तक नेपाली भाषा र साहित्य शिक्षणका लागि अत्यन्तै उपयोगी बनेको छ । त्यसमा पनि भाषिक कलाका विभिन्न रूपहरूको बारेमा चर्चा गरिएको छ । यस किताबमा लेखाइ सीपसँग सम्बन्धी कार्यकलापहरुमा यान्त्रिकता, निर्देशित, स्वतन्त्र तथा सिर्जनात्मक निबन्ध अभिव्यक्ति क्षमतासम्बन्धी अध्ययनहरू भएको छ । निबन्ध शिक्षणका प्रमुख प्रयोजन लेखनकलाको समुचित विकास गर्नु हो भन्दै यसको शिक्षण क्रममा प्रचलित विधिहरू प्रवचन विधि, छलफल विधि पठनवोध विधि , सूत्र विधि, प्रश्नोत्तर विधि, स्वाध्ययन विधि, समीक्षा विधि तथा प्रस्तुतीकरण जस्ता विधिको चर्चा गरिएको छ । यसरी विस्तृत रूपमा निबन्धविधा शिक्षणका सम्बन्धमा चर्चा गरिए पनि कुन तहका  विद्यार्थीहरूमा कति निबन्ध लेखनक्षमता विकास भएको हुनु पर्दछ भन्ने तर्फ कुनै सङ्केत गरिएको पाइँदैन ।

दीपकबाबु  निरौलाद्वारा तयार परिएको “कक्षा नौ पूरा गरेमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन” (२०६२) नामक शोध प्रस्तुत शोध शीर्षकमा मिल्दो अनुसन्धान अध्ययन हो । यस शोधले विद्यार्थीहरुरूमा लेखनक्षमताको विकास के कसरी पार्न सकिन्छ ? भन्ने बारेमा जानकारी दिएको छ ।

यस शोधले मूलतः विद्यार्थीहरूमा लेखाइ क्षमताको विकास के कसरी गर्न सकिन्छ भन्नेबारेमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। यसमा अनुसन्धानको उद्देश्य कक्षा नौ उत्तीर्ण गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, सरकारी र निजी विद्यालयका गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, उनीहरूका निबन्ध लेखनमा रहेका कमी-कमजोरीहरू पहिचान गरी ती कमीकमजोरी कसरी निराकरण गर्ने भनी सुझावहरू प्रदान गरिएको छ ।

उक्त  शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा काठमाडौं उपत्यकाका सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखनमा क्षमताको भिन्नता देखाइएको छ । नेपाली मातृभाषी र नेपाली इतर मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा रहेका भिन्नतालाई समेत तुलनात्मक ढङ्गले देखाइएको छ । प्रस्तुत शोधमा सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूमा निबन्धलेखन क्षमता न्यून रहेको, नेपाली मातृभाषा हुने

विद्यार्थीहरूको नेपाली विमातृभाषी हुने विद्यार्थीभन्दा निबन्धलेखन क्षमता बढी रहेको छ, भन्ने कुरा  निष्कर्षमा देखाइएको छ ।

द्वारिका भण्डारीद्वारा तयार पारिएको निबन्धको कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन (२०६३) नामक शोध प्रस्तुत शोध शीर्षकसँग मिल्दो -जुल्दो अनुसन्धान हो । यस शोधमा विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गरी निबन्धलेखनमा कसरी दक्ष बनाउन सकिन्छ  भन्नेबारे सुचित गरिएको छ । उक्त शोधको उद्देश्य कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको  अभिव्यक्ति सामर्थ्यहरूको अध्ययन गर्नु, सरकारी  तथा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गरेर तथा ग्रामीण र सहरी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु रहेको पाइन्छ ।

रणबहादुर दौल्यालद्वारा तयार पारिएको कञ्चनपुर जिल्लामा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखनमा क्षमताको  अध्ययन (२०६४) नामक शोध यस शोधसँग मिल्दो तेस्रो अनुसन्धान हो । यस शोधमा कञ्चनपुर जिल्लामा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता के-कति छ भन्ने बारेका जानकारी गरिएको छ । उक्त शोधमा सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बीचमा निबन्धलेखन क्षमता के - कस्तो छ ? नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको बीचमा निबन्धलेखन क्षमता के-कस्तो छ, लैङ्गिक आधारमा के-कस्तो भिन्नता रहेको छ, ग्रामीण तथा सहरी क्षेत्रमा अध्ययनरत विद्यार्थीहरूमा निबन्धलेखन क्षमतामा के- कस्तो भिन्नता छ भन्ने बारेमा तुलनात्मक अध्ययन गरिएको छ साथै निबन्ध लेखनमा सुधारका निम्ति केही सुझावहरू समेत दिइएको छ ।

प्रस्तुत शोधमा क्षेत्रीय सामाग्री सङ्कलन विधिद्वारा कञ्चनपुर जिल्लाका सरकारी र निजी गरी ८ वटा विद्यालयहरूका (८ X १० = ८०) = ८० जना विद्यार्थीहरूलाई निबन्धलेख्न लगाइएको छ । निबन्ध लेख्न लगाउनुभन्दा पहिला ४ वटा शीर्षक दिई १० जनामा पूर्व परीक्षण गरी  उपयुक्त ठहरिएका २ शीर्षकमा निबन्ध लेख्न लगाइएको छ ।

## १.१० शोधको स्वरूप

मुख पृष्ठ

निर्देशकको सिफारिसपत्र

स्वीकृति पत्र

कृतज्ञताज्ञापन

सङ्क्षेपीकृत शब्दसूची

विषय - सूची

शोधसार

परिच्छेद १ शोधपरिचय

परिच्छेद २ शोधको सैद्धान्तिक परिचय

परिच्छेद ३ अध्ययन विधि

परिच्छेद ४ व्याख्या र विश्लेषण

परिच्छेद ५ तुलनात्मक अध्ययन

परिच्छेद ६ निष्कर्ष र सुझाव

सन्दर्भग्रन्थ सूची

परिशिष्ट क

परिशिष्ट ख

व्यक्तिवृत्त

# परिच्छेद - दुई

## सैद्धान्तिक परिचय

### २. निबन्धको सैद्धान्तिक परिचय

### २.१.१ पृष्ठभूमि

भाषा मानवीय विचार विनिमयको प्रमुख माध्यम हो । भाषा मानवीय वस्तु हो, त्यसैले यो मानवसँगमात्र सम्बन्धित रहेको छ । भाषा मानिसले समाजबाट प्राप्त गर्दछ । समाजद्वारा पिँढी दरपिँढी हुँदै प्राप्त हुने वस्तु हो । एकातिर मान्छेले घर परिवार तथा छरछिमेकीसँगको सम्पर्कबाट त्यस समाजमा प्रचलित भाषा स्वतः प्राप्त गर्दै जान्छ । अर्कोतिर औपचारिक शिक्षाबाट यसको आर्जन पनि गर्न सक्छ । मानव सभ्यताको विकाससँगै मानव भाषामा पनि क्रमिक रूपमा विकास हुँदै आएको पाइन्छ । सुरुमा भाषा कथ्य वा औच्चार्य रूपमा मात्र थियो भने पछि आएर लिपिबद्ध हुन थालेको हो । भाषाले विस्तारै साहित्यिक रूप प्राप्त गर्दै गयो र पछि गएर गद्य र पद्यगरी २ भेदहरु देखापरे । छन्द शास्त्रीय नियमअनुसार छन्दमा बाँधिएको भाषाको साहित्य रूपलाई पद्य र छन्दमुक्त साहित्यक भाषिक स्वरूपलाई गद्य भन्न थालियो । लेख्य भाषाका यी दुई भेदमध्ये निबन्ध गद्य भाषामा लेखिने, आस्वादनका दृष्टिले साहित्यको श्रव्यभेद अन्तर्गत पर्ने आधुनिक साहित्यको जल्दो - बल्दो साहित्यिक विधा हो । कुनै विषयसँग सम्बन्धित आफ्ना विचार व्यक्त गर्ने सानो गद्य विधा निबन्ध हो । सुगठित शैली, कसिलो स्वरूपसंरचना निबन्धमा आवश्यक मानिन्छ ।

निबन्ध एक प्रकारको कुरा गराइ हो, मनमा भएका कुरालाई लिखित रूपमा व्यक्त गरिएको गद्य रुप हो । लेखकका सोचाइ, विचार आग्रह र प्रतिभाको अभिव्यक्ति निबन्धबाट हुन्छ । यसले लेखक र विषयका बीच सम्बन्ध जोड्ने साँघुका रूपमा काम गरेको हुन्छ । मनका उन्मुक्त विचारहरु आफ्ना अनुभवले रंगाएर वा तटस्थ रही विषयको नालीबेली दिएर केही कुरा लिपिबद्ध गर्दा निबन्धको रूप बन्छ । साँच्चै भन्ने हो भने लेखाइको श्री गणेश निबन्धमै हुन्छ र यसको चरम कौशल पनि निबन्धमै छर्लङ्गिन्छ ।

मानिस विवेकशील प्राणी हो । उसको वरिपरिको परिवेशमा प्रशस्त ज्ञानराशी छन भने वर्तमान जीवनभोगाइका तीता-मीठा पक्षहरु उसकै आँखा सामुन्ने हुन्छन् । यस्तै अगाध ज्ञानराशिबाट एक पक्षको सानो विन्दु टिपेर निबन्धलेखनको थालनी हुन्छ । त्यसको पनि भेउ

नदिएर सानो लेखाजोखा वा दिग्दर्शनको काम निबन्धले गर्न सक्छ । त्यस्तो नगरी सर्वाङ्ग चर्चा गर्ने भएमा त्यो निबन्धको पहुँचाट वाहिर जान्छ अनि त्यसले एक ग्रन्थ वा शोध प्रबन्धकै रूप लिन सक्छ । यसरी सीमित घेराभित्र रहेर असीमित विचार चियाउने र लगभग आधा घन्टाको एक बसाइँमा पढिसकिने गद्यमय अभिव्यक्तिका रूपमा निबन्धको परिचय दिन सकिन्छ ।

मानिसका मनमा अनेक प्रकारका कुराहरू अव्यक्त भएर पनि थुप्रिएका हुन्छन् । सबैबाट यस्ता सोचाइ बाहिर निस्कन सक्दैनन् । मानवका नाताले अनुभूतिको स्तर समानधर्मीजस्तै देखिए पनि अध्ययन र साधनाको घटबढले अभिव्यक्तिलाई पनि प्रभाव पारेको हुन्छ, किनभने निबन्धलेखन पनि एक कला हो । कला साधनामा रत्तिन्छ । साधनाको अभ्यासले कलामा चमक आउँछ । अध्ययन र अभ्यासले अभिव्यक्तिमा परिपक्वता आउँछ । अभिव्यक्तिको सीपमा जति परिपक्वता आयो निबन्ध पनि व्यक्तिकै प्रौढ बन्न जान्छ । जलाशयमा जस्तो भाँडो लग्यो, त्यति मात्र पानी उगाइन्छ । भाषिक सीप र प्रस्तुति सामर्थ्यले निबन्धमा पनि यस्तै काम गरेको हुन्छ । अनुभूति जति सुकै गहन र तीव्र किन नहोस्, प्रतिभा र अभ्यासको अभावमा त्यसले मूर्त रूप लिन त्यत्ति उकालो पर्छ । त्यसैले अध्ययन र निरन्तर साधना निबन्धका आरम्भिक चरण हुन् ।

निबन्ध कहिलेकाहीँ अन्य विधाको माझबाट झुल्किन पुगेको हुन्छ । प्रख्यात कवि, सिद्धहस्त नाटककार, प्रसिद्ध कथाकार पनि निबन्ध विधालाई छुन्छन् । त्यसमा आफ्नोपन समेत भरिदिन्छन् । निबन्धमा काव्यकारिता, नाटकीयता र कथाकारिताको धेरैथोरै प्रभाव पर्छ । महाकवि देवकोटाका निबन्धमा कविताको गन्ध आउँछ भने समका निबन्धहरू नाटकीय प्रभावबाट मुक्त हुन नसक्नुको मूल कारण पनि यही नै हो भन्न सकिन्छ । यस्तै पूर्वाग्रह र निजी स्पर्शभित्र पनि निबन्धविधा आफ्नोपन लिएर बाँचिरहेको हुन्छ । त्यसो भएकाले लेखकीय मान्यताको प्रत्यक्ष - परोक्ष प्रभाव पनि निबन्धविधाको आफ्नै विशेषता हो । यसरी राम्रो निबन्धमा निबन्धकार मिसिएर आउने हुनाले नै निबन्धमा व्यक्तित्वको प्रकाशन हुन्छ भनिएको हो ।

निबन्धले आफ्नो परिधि दिन-प्रतिदिन फराकिलो गराउँदै गएको छ । कहीँ निबन्ध कथाको गोरेटो भएर हिडेको हुन्छ भने कही नाटकीय संवाद र दृश्यात्मक प्रस्तुति पनि दिइरहेको हुन्छ । केही निबन्धहरु औपन्यासिक चमत्कार आत्मसात गर्न पुग्दछन् । यसरी कथा, कविता, नाटक र उपन्यासका छेउछाउ घुमे पनि निबन्ध निबन्ध नै हो । अर्कातर्फ हाँस्य-व्यङ्ग्यको चुट्किलो प्रयोग क्षेत्र पनि निबन्ध हो । साहित्यका अन्य विधाहरूमा हास्यव्यङ्ग्यलाई

समावेश गर्न सकिए पनि त्यसको मूल क्रिडास्थल चाहिँ निबन्ध नै हो । यही माध्यम भएर छेडखानका रमाइला रूप देखिएका छन् ।
निबन्धमा रागात्मक भावुकताको झल्को हुन्छ । यसकारण निबन्ध वैयक्तिक रागको सहज अभिव्यक्ति हो । यसको आयतन छोटो भए तापनि भाषाको उन्मुक्त स्वरूप निबन्धमा रहेको हुन्छ । निबन्धले अर्थमा व्यापकता प्रस्तुत गर्नुका साथै सक्षमता व्यङ्ग्य प्रहार र सङ्केतात्मक सन्देश दिन्छ । संसारका सबै भाषामा आधुनिक रूप तयार भइसकेपछि मात्र निबन्ध विधाको प्रादुर्भाव भएको हो । निबन्ध हृदयको तरल स्पन्दन र मस्तिष्कको रमरम बौद्धिकताको सम्मिश्रण हो । निबन्ध भनेको जुनसुकै विषयमा पनि स्वतन्त्र ढङ्गले सोच्नु, विचार गर्नु र आफ्ना भावनात्मक अभिव्यक्ति अनियन्त्रित रूपले पोख्नु हो । यो आफैँमा स्वतन्त्र र औपचारिक गद्य विधा हो । यसैले निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिँड्ने आत्मा र वस्तु दुवै वा कुनै एक पक्षमा केन्द्रित तथा सुरुमा आभ्यासिक र पछि गएर स्वतः स्फूर्त पनि हुन सक्ने रमाइलो र छोटो गद्यविधा हो ।

**सङ्क्षेपमा निबन्धको परिचय -**

- छोटो र छरितो गद्यविधा
- मनका कुरा पोख्ने माध्यम,
- कुनै विषयमा आफू मिसिएर अथवा तटस्थ रहेर गरिने वर्णन ,
- धूलाको कणदेखि लिएर विशाल ब्रह्माण्डसम्म यसको विषयमा हुन सक्ने,
- निरन्तरको साधनाबाट राम्रो बन्ने,
- कहिलेकाहीँ कथा, कविता, र नाटकको छाप पनि निबन्धमा पाइने,
- प्रस्तुतिको चमक,
- आदि, मध्य र अन्त्यको सङ्गठन ।

### २.१.२ निबन्ध : व्युत्पत्ति र अर्थ :

निबन्धको स्वरुप र विकासमा पाश्चात्य साहित्यको ठूलो प्रभाव रहेको छ । नेपाली साहित्यका विभिन्न विधामा पाश्चात्य साहित्यले प्रभाव पारेझैं नेपाली निबन्ध साहित्यको

विकासमा पाश्चात्य प्रभावले आधुनिकता र विविधताको प्रादुर्भाव भएको छ । वैयक्तिकता र आत्मीयताको प्रदानद्वारा आधुनिक नेपाली निबन्ध समृद्धिको दिशातिर अभिमुख भएको छ ।

आजको निबन्धको पूर्वस्वरुप खोज्दै जाने हो भने संस्कृत, अङ्ग्रेजी र फ्रान्सेली साहित्यमा पुग्नुपर्छ । निबन्ध शब्द संस्कृतबाट तत्सम शब्दका रुपमा नेपालीमा आएको हो । निबन्ध शब्द 'बन्ध्' आधारपदमा 'घञ्' प्रत्यय र 'नि' उपसर्ग लागेर बनेको हो । यसको शाब्दिक अर्थ हुन्छ 'राम्ररी बाँध्नु' । यसबाट कुनै विषय वा भावलाई निःशेष हुने गरी बाँध्नु वा विचारगत सम्पूर्ण भावहरू निश्चित संरचनामा अभिव्यक्त गर्नु भन्ने आशय निस्कन्छ । विभिन्न विद्वान्हरूले यसलाई आ-आफ्नै किसिमले अर्थ्याएका छन् । तर पनि सबैका भनाइमा निबन्ध गद्य भाषामा लेखिने छोटो संरचना हो भन्ने भाव भेटिन्छ । जटाधारका अनुसार नीमको वृक्ष अथवा त्यसको सेवनबाट कुष्ठरोग नाश हुन्छ । याज्ञवल्क्यस्मृतिमा निबन्ध (निबन्धो द्रव्यमेव) शब्द द्रव्यका रूपमा प्रयोग गरिएको छ । हेमचन्द्रले यसको प्रयोग सङ्ग्रह ग्रन्थ बन्धन र मूत्ररोग निरोध अर्थमा गरेका छन् । गीता (निबन्धायासुरीयता) मा पनि यो बाँध्नु क्रियाको अर्थमा आएको छ । निबन्धको प्रयोग लेखिएका भोजपत्रहरुलाई समेटेर सिउनु वा बाँध्नु क्रियाका लागि पनि हुन्थ्यो । तर कालान्तरमा अर्थ सङ्कोचका रुपमा केवल साहित्यिक कृतिका लागि मात्र यसको प्रयोग हुन थाल्यो । बालचन्द्र शर्माले नेपाली शब्दकोशमा निबन्धलाई यसरी अर्थ्याएका छन् - ' कुनै विषयमा सम्बन्धित मत, विचार सिद्धान्त आदिको तुलनात्मक र पाण्डित्यपूर्ण विवेचना गरिएको भावनायुक्त लेख' । प्रस्तुत अर्थ बढी महत्वकाङ्क्षी छ र प्रबन्धको उचाइलाई समेत छुन पुग्छ । नेपाली बृहत् शब्दकोशमा निबन्धको अर्थ यसरी दिइएको छ - कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना' । यो अर्थ चाहिँ निबन्धको नजिक छ तर यसले पनि निबन्धको पूर्णप्राय : अर्थलाई बाँध्न सकेको छैन ।

निबन्धको समानार्थी तर व्यापक शब्द प्रबन्ध हो । पूर्वीय परम्परामा कुनै विषयलाई आरण्यानतन्तुमा उन्दै गद्य वा पद्यमा प्रस्तुत गर्नु प्रबन्ध भनिन्थ्यो । विस्तारै प्रबन्धको अर्थ कथाको तारतम्य मिलाएर पूर्वापरसम्बद्ध ग्रन्थलाई भन्न थालियो । यसरी हेर्दा आदिमहाकाव्य रामायण र महाभारत दुवै प्रबन्ध काव्य हुन् । दण्डीको गद्यकाव्य दशकुमारचरित पनि प्रबन्ध हो । यही प्रबन्ध शब्द पछि गएर निबन्धको पर्यायका रुपमा पनि नदेखिएको होइन, आधुनिक

नेपाली साहित्यमा सुरु सुरुमा निबन्ध र प्रबन्ध समानार्थी रूपमा प्रचलित भए । " लक्ष्मी निबन्धसङग्रह" को श्री गणेशाय नमः मा निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले निबन्धकै अर्थमा प्रबन्ध शब्दको प्रयोग गरेका छन् । तर अचेल भने निबन्ध र प्रबन्ध अलग अलग प्रयोग गर्न थालिएको छ । निबन्धको पर्यायका रुपमा प्रबन्धका अतिरिक्त लेख सन्दर्भ संरचना वा प्रस्ताव शब्द पनि प्रचलित छन् ।

निबन्धको अर्थ हो कुनै विषयबारे आफू रङ्गिएर वा तटस्थ रहेर गरिएको सङ्क्षिप्त गद्यमय अभिव्यक्ति । कुनै वस्तु वा विषय बारे त्यसको स्वरुप प्रकृति र गुणदोषमा लेखकको निजी चिन्तनधारा निबन्धले बोकेको हुन्छ । आज निबन्ध शब्द ल्याटिन भाषाको एक्जिडस फ्रेन्चको एसाइज र अङग्रेजीको एसेको अनुवाद भएर देखापरेको छ । यसको शाब्दिक अर्थ हुन्छ परीक्षण र प्रयत्न । नेपाली बृहत् शब्दकोश (ने.रा.प्र.प्र.काठमाडौं २०५८ : ६८९) मा निबन्ध शब्दको अर्थ यसरी देखाइएको छ -"कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यको रचना साहित्यको एक गद्य विधा निबन्ध हो । पश्चिमी साहित्यतर्फ निबन्धको इतिहास र अर्थलाई हेर्दा फ्रेन्च निबन्धकार मोन्तेन (इ. १५३३-१५९३) पाश्चात्य निबन्ध साहित्यका जन्मदाता मानिन्छन् । यिनी नितान्त एकान्तप्रिय थिए र दस वर्षको अनवरत साधनापछि यिनले परम्परित साहित्यक विधाभन्दा भिन्न नयाँ रचना प्रस्तुत गरे । यस खालका गद्य रचना अन्य साहित्यक विधाभन्दा फरक हुनाले मोन्तेन स्वयम्ले 'एसे' भन्ने नाम दिए । यसमा पाण्डित्य प्रदर्शन नरहने र तत्काल सन्तोष प्रदान गर्ने क्षमता रहन्थ्यो । त्यसैले यस्तो गद्य रचनालाई एसे भनियो । यिनले ल्याटिन भाषाको एक्जिडस शब्दलाई 'एसे' शब्दद्वारा व्यक्त गरेका छन् । ल्याटिन एक्जिडसको अर्थ नापजोख गर्नु, मूल्याङ्कन गर्नु वा प्रयास गर्नु भन्ने हुन्छ । यिनै अर्थमध्ये प्रयास भन्ने अर्थमा मोल्तेनले फ्रेन्च भाषामा एसाई (Essai) भन्ने नाम दिएका छन् । यसैलाई हामी अङ्ग्रेजी भाषामा एसे (Essay) भन्दछौं ।

निबन्ध बढी सरल, स्वच्छ आडम्बरहीन, व्यक्तित्वमिश्रित र पाठकसँग नजिकको साइनो राख्ने खालको हुन्छ । निबन्धमा पाइने स्वच्छन्दता उच्छृङखलता होइन । यसैगरी निबन्धगत उन्मुक्तता नियमहीनता होइन । निबन्ध विशेष मनोदशा वा मुडमा लेखिने हुनाले यसको कलेवर लघु हुन्छ र परिपूर्णताको अभाव रहन्छ । यही अपूर्णताभित्र पनि पूर्णताको खोजी गर्नु अनि लघु आकारबाट पनि विराटलाई चियाउनु निबन्धको आफ्नै प्रवृत्ति हो ।

निबन्धको अर्थलाई सङ्क्षेपमा यसरी देखाउन सकिन्छ :-

- छरिएको वस्तुलाई खास ढाँचामा मिलाएर लेख्नु ,
- आत्मपरक र वस्तुपरक ढङगले गद्यमा लेखिएको छोटो रचना ,
- अनुसन्धानमूलक लेखन प्रबन्ध हो भने उन्मुक्त लेखन निबन्ध हो,
- व्यक्तित्वमिश्रित र पाठकसँग नजिकको साइनो राख्ने लेखन,
- विशेष मनोदशामा लेखिने रचना ,
- अपूर्णताभित्र पनि पूर्णता ।

### २.१.३ निबन्धका परिभाषा :

कुनै पनि साहित्यिक विधाको सर्वसम्मत परिभाषा गर्नु अत्यन्त कठिन कार्य हो । वर्तमान अवस्थासम्म निबन्धले आफ्नो शब्दिक अर्थमा विपरीत बन्धनहीन भन्ने आशय बोकेको छ । फ्रान्समा मोन्तेनले सर्वप्रथम निबन्धको आरम्भ गरेकाले निबन्ध विधाको जन्म फ्रान्समा भयो तर यसको विकास भने पछि गएर बेलायत, अमेरिका आदि मुलुकमा भएको हो । निबन्धलाई विकसित गर्ने बेलायती निबन्धकार वेकन हुन् । निबन्धको परिभाषाका लागि पनि पश्चिममा नै पुग्नु पर्ने हुन्छ ।

फ्रान्स र बेलायतमा निबन्धको जन्म ईस्वीको सोह्रौं शताब्दीमा भएको हो । यसको श्रेय फ्रान्सका मोन्तेन र बेलायतका बेकनलाई छ । तर यो शताब्दीको उत्तरार्द्ध निबन्धको प्रयोगकाल थियो । त्यतिखेर मोन्तेनले निबन्धलाई अहम्को अभिव्यक्तिका रूपमा लिए बेकनले चाहिँ निबन्धलाई विशृङ्खल चिन्तनका रुपमा लिए । यसरी मोन्तेनले अहम् र बेकनले चिन्तनको रूपमा लिएर निबन्धका लागि विषयक्षेत्र र सीमाको सीमाङ्कनसम्म भयो, तर पनि निबन्धको सुनिश्चित मार्गदर्शन हुन सकेन । झन जोन्सन् (Joshson) को निबन्धप्रतिको धारणा र परिभाषाले अल्मल्याइ दियो । उनले निबन्धलाई मनको विश्रृङ्खल अनिमियत र अपरिपक्वका रुपमा लिए । निबन्धका बारेमा विद्वान्का परिभाषा तल दिइएका छन् :-

मोन्तेन - निबन्ध एक प्रकारको आत्मप्रकाशनको प्रयत्न हो ।

बेकन - निबन्ध भनेको छरिएको चिन्तन हो । (The Essay is a disperse meditation)

डा. जोन्सन - निबन्ध भनेको मनको उत्मुक्त विचरण हो। यो त्यस्तो अनियमित र अपरिपक्व रचना हो, जसमा कुनै विषय वा क्रम रहँदैन । (A loose Sally of mind an irregular, indigested pirce, not a regular orderly performance)

मरे - कुनै विषयका शाखा वा विषयविशेष बारे लेखिएको ठिक्क लमाइ भएको रचना निबन्ध हो ।

क्र्याब - निबन्ध भनेको सबभन्दा चल्ती पाराको लेख हो । यो त्यस्तो लेखकलाई सुहाउँछ, जसको न प्रतिभा छ न शोध खोजको क्षमता नै । विविधता र देखावटीमा रम्नेका लागि यो विधा सुहाउँछ ।

हड्सन - मोटामोटी रुपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत सङ्क्षिप्तता र पट्यारिलोपनको अभाव । (The essay then may be regarded, roughly as a composition on any topic The chief features of which are comparative breauti ans comparative want or exhustiveness)

बङ्गाली निबन्धकार एवम् समीक्षक गुलाब रायका बिचारमा त्यस प्रकारको रचना विशेष निबन्ध हो, जसमा कुनै विषयको वर्णन वा प्रतिपादन विशिष्ट वैयक्तिक प्रतिपादन निश्चित आयतनभित्र स्वच्छ सजीव र सङ्गतियुक्त भएको हुन्छ ।

लक्ष्मीप्रसाद देवकोटा - "निबन्ध गफ हो, यो चश्मादार अध्यापकको व्याख्यान र बमन वेदान्त तथा ठर्रोपन कुनैपनि नभई हार्दिकता र कोमलताको लच्किएको विधा हो ।"

डा. ईश्वर बराल-" मनमा उठेका भावनालाई स्वगतकथनद्वारा उद्घाटित गराउने कुरा गराइ निबन्ध हो । "

हृदयचन्द्रसिँह प्रधान - "निबन्धमा कलमपछि दौडेर हुँदैन, पाठकको हृदय पक्रने कोसिस गर्नुपर्छ । तसर्थ यसमा परिमार्जित र परिपक्व विचारलाई हाँस्य, ठट्यौली  र व्यङ्ग्यात्मक रूपमा प्रयोग गर्दै जानुपर्छ ।"

बदरीनाथ भट्टराई -" निबन्ध सत्य वस्तु देखाउने लेखकीय अन्तर्ज्योतिको शाब्दिक स्वरूप हो "।

यसरी विभिन्न विद्वान्‌हरूले निबन्धलाई अर्थ्याउन र परिभाषित गर्ने प्रयास गरेका छन् । यिनका निबन्धगत दृष्टिहरू निबन्धको कुनै न कुनै पक्षसित सम्बद्ध देखिन्छन् । त्यो के भने कुनै विद्वान्‌हरूले संरचनालाई जोड दिए भने कसैले विषयवस्तुलाई । सबै परिभाषाहरूलाई केलाउँदा निबन्ध सानो तर निश्चित सीमाभित्र फैलिएको र वैयक्तिकताको प्रवेशयुक्त वा मुक्त दुवै अवस्थाको विषयगत गहनता रहेको गद्यविधा हो भन्न सकिन्छ । निबन्ध भनेको गद्यमा अभिव्यक्त भएको व्यक्तिको आत्मप्रकाशन हो । निबन्धमा कथाको एकोन्मुखता हुन्छ । एकाङ्कीको तीव्रता हुन्छ र समालोचनाको सम्यक् दृष्टि हुन्छ । निबन्धमा एकातिर गीतको सरस, सरल र कोमल रूप हुन्छ भने अर्कातिर त्यही गीतिशिल्पको कलात्मक तीव्र र प्रभावोत्पादक पक्ष हुन्छ ।

यसप्रकार सम्पूर्ण पक्षको गहन अध्ययन गरिसकेपछि के भन्न सकिन्छ भने छोटो आधारमा निश्चित उद्देश्य परिपूर्तिका लागि गद्यभाषा र संगठित शैलीमा तयार पारिएको रचना निबन्ध हो । साथै विचार र भाव, चिन्तन र संवेदनाको समष्टि अभिव्यक्तिमा छोटो, छरितो हृदय छुने र फुर्तिलो भाषाको कलात्मक प्रयोग पनि यसमा हुने गर्दछ । अनुभूतिका तीक्ष्णता, विचारको सशक्तता, कल्पनाको तीव्रता र सरल कोमल भाषाशैलीको प्रयोग नै निबन्धको विधागत परिचय हो ।

### २.१.४ निबन्धका रूप / प्रकार :

मोन्तेनको अहम् र बेकनको चिन्तनको क्रमले गर्दा निबन्धका लागि सीमाङ्कन पनि भएको छ । आधारको दृष्टिले निबन्धलाई दुई रुपमा विभाजन गर्न सकिन्छ :

**क) आत्मपरक** (Subjective)

**ख) वस्तुपरक** (Objective)

क) आत्मपरकः कुनै निश्चित विषय शीर्षकमा आफ्ना निजी विचार अनुभव तथा भोगाइलाई शृङ्खलाबद्ध रुपमा लचिलो ढङगले प्रस्तुत गरिने निबन्ध आत्मपरक निबन्ध हो । आत्मपरक निबन्धलाई वैयक्तिक, निजात्मक र व्यक्तिप्रधान पनि भनिन्छ । व्यक्तिप्रधान निबन्धमा व्यक्तिको मुख्य स्थान हुन्छ र विषयको गौण स्थान हुन्छ । निबन्धकारको स्वत्व र व्यक्तित्वको प्रवल छाप यस प्रकारको निबन्धमा पर्दछ । निबन्धकारको व्यक्तित्व नै निबन्धको आधार हुन्छ । वैयक्तिक निबन्धको सूत्रको रुपमा मोन्तेनको भनाइलाई अघि सार्न सकिन्छ - “म नै आफ्ना

निबन्धको विषय हुँ किनभने म नै त्यस्तो व्यक्ति छु, जसलाई म राम्ररी चिन्छु ।'' यसै क्रममा लक्ष्मीप्रसाद देवकोटाको विचारलाई पनि जोड्न सकिन्छ -"कहीँ म प्रबन्ध (निबन्ध) भित्र आफैँ बसेको छु, व्यक्तित्वको रङ्ग रङ्गाएर आफूसँग खेल्न र आफूलाई चिन्न र चिनाउनका लागि ( भूमिका, लक्ष्मी निबन्धसङ्ग्रह ते. संस्करण) आत्म सम्प्रेषण नै आत्मपरक निबन्धको मूलमन्त्र हो । संवेदनात्मक स्थिति र संवेगात्मक अभिव्यक्ति यस्ता निबन्धमा रहिरहन्छ । अन्तर्मुखी प्रवृत्ति र अनौपचारिक सोच वैयक्तिक निबन्धका प्राणतत्व हुन् । निबन्धमा व्यक्तित्वको आकर्षक र प्रभावात्मक पक्ष जति सबल रूपमा प्रस्तुत हुन्छ, त्यति नै निबन्ध प्रभावोत्पादक हुन्छ । आत्मपरक निबन्ध अनुभवमा आधारित हुन्छ तथा प्रथम पुरुष शैलीमा म वा हामीको कथन ढाँचामा लेखिन्छ । सूक्ष्म विषयमा लेखिएको यो वैयक्तिक प्रकृतिको हुन्छ । यसमा वस्तुको परिचयभन्दा व्यक्तिगत अनुभवलाई पोखिएको हुन्छ । अङ्ग्रेजी निबन्धमा चार्ल्स ल्याम्ब (Charles Lamb) तथा नेपाली निबन्धमा लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिँह प्रधान, शङ्कर लामिछाने यस्तै खालका निबन्धकार हुन् । यसलाई भावात्मक निबन्धमा पनि राखिएको छ ।

ख) वस्तुपरक : विषयसँग सम्बन्धित तथ्य तथा प्रमाणहरुलाई प्रस्तुत गरिएको निबन्ध वस्तुपरक हो । यसलाई परात्मक, विषयप्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ । यस प्रकारका निबन्धमा व्यक्ति गौण हुन्छ । हुन त निबन्धमा व्यक्तित्वको छाप रहन्छ नै । तर तुलनात्मक रुपमा वस्तुपरक निबन्धमा त्यस्तो प्रभाव थौरै मात्र रहने गर्दछ । यो ज्ञानमा आधारित हुन्छ । यो स्थूल वा मूर्त विषयमा तृतीय पुरुष (ऊ वा उनीहरु) को कथन ढाँचामा लेखिन्छ । सामान्य भाषा प्रयोग गरिएको यो विवरणात्मक, विवेचनात्मक वा विश्लेषणात्मक हुन्छ । वस्तुपरक निबन्धमा बहिर्मुखी प्रवृत्तिको प्रधानता रहन्छ ।

**निबन्ध विभाजनका आधार :**

विषय, स्रोत आधार आदिका दृष्टिले निबन्धलाई धेरै प्रकारले विभाजन र विश्लेषण गर्न सकिन्छ । ती मध्ये निबन्धलाई मुख्यतः निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**क) वर्णनात्मक**

**ख) विवरणात्मक**

**ग) विचारात्मक**

**घ) भावात्मक**

**२.१.५ निबन्धका विशेषता :**

साहित्यका अन्य विधाजस्तै निबन्धका पनि आफ्नै खास विशेषता रहेका छन् । निबन्धका परिभाषा र स्वरुपका माझबाट यसका विशेषता देखाउन सकिन्छ । निबन्धका प्रमुख विशेषता यसप्रकार छन् :-

क) व्यक्तित्वको प्रकाशन :- निबन्ध रचनाको प्रमुख लक्ष्य हो 'स्व' को प्रकाशन । किनभने निबन्धकारले आफनो निबन्धमा स्वयम्लाई सहज स्वाभाविक तरिकाले पाठकका सामु प्रष्ट पार्न चाहेको हुन्छ । लेखकले आफ्ना निबन्धका माध्यमबाट पाठकसँग साथीजस्तै कुराकानी गरिरहेको हुन्छ । त्यसैले प्रायः ठट्यौली मिजास भएको चलाख व्यक्ति असल निबन्धकार बन्न सक्छ ।

ख) सङ्क्षिप्तताः निबन्ध आकारमा जति सानो हुन्छ र जति बढी कसिएको हुन्छ, त्यसको अनुभूति त्यति नै सघन र प्रभावकारी बन्छ । अनुभूति वा विचारका सुगठित संयोजनले निबन्धमा तीव्रता ल्याउँछ । परिणामस्वरूप पाठकमा निबन्धको अत्यधिक प्रभाव पर्न जान्छ । शब्दहरुको व्यर्थ प्रयोग र आडम्बरपूर्ण पाण्डित्य प्रदर्शनले निबन्ध बोझिलो हुन्छ र त्यसमा पाठक रम्नै सक्दैन । त्यसैले निबन्धमा सङ्क्षिप्तता हुनुपर्छ ।

ग) एकसूत्रता : निबन्धमा एकसूत्रता अनिवार्य हुन्छ । यसमा व्यक्त भएका विचार र अनुभूतिहरू परस्पर उनिएर आबद्ध रहन्छन् । निबन्धमा क्रम वा व्यवस्था हुँदैन भन्नु गलत धारणा हो । निबन्धकार असङ्गतिमा पनि सङ्गति मिलाएर निबन्धको रचना गर्दछ । त्यसैले अव्यवस्थाभित्र पनि व्यवस्था र क्रमहीनताभित्र पनि सूक्ष्म क्रमबद्धता यसको आफ्नोपन हो ।

घ) अन्वितिको प्रभाव : निबन्धमा सिलसिलेवर अनुभूतिको क्रमबद्ध विन्यास हुन्छ । यस्ता अनुभूतिहरु क्रमिक रुपमा परस्पर सम्बद्ध हुँदै निबन्धका समिष्टको रुपमा परिणत हुन्छन् र यसप्रकारको रूपले पाठकमा प्रभाव पार्छ । जसरी विभिन्न फूलहरुलाई गाँसेर मालाको रूप दिइन्छ, त्यसैगरी निबन्धमा व्यक्त भएका भाव, विचार, तथा आवेग आपसमा मिलेर सम्पूर्णताको सृष्टि गर्दछ ।

## २.२ भाषिक सीप र निबन्ध विधा

### २.२.१ भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र लेखाइ सीप

**२.२.१.१ भाषा पाठ्यक्रम** :

भाषा मानवीय वस्तु हो । आफ्ना कुराहरु आदान - प्रदान गरी भावना साटासाट गर्ने सार्थक माध्यम भाषा हो । मानव समाज भाषाको कारणले नै चलेको छ । भाषाका माध्यमबाट नै ज्ञान - विज्ञानको विकास तथा साटासाट भइरहेको हुन्छ । सामाजिक सम्पर्कको विस्तारको फलस्वरुप मानिसमा भाषाको विकास हुँदै जान्छ । भाषा पाठ्यक्रम सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्गदर्शकको काम गरेको हुन्छ । यसको अभावमा शिक्षण विशृङ्खलित र अव्यवस्थित हुन जान्छ । भाषा पाठ्यक्रमले नै सम्पूर्ण शैक्षिक गतिविधिलाई निर्देशित गरिरहेको हुन्छ । पाठ्यक्रम विकास जटिल र महत्त्वपूर्ण विषय हो । उपयुक्त ढङ्गले पाठ्यक्रम निर्माण हुन सकेन भने अन्य कुनै पनि शैक्षिक गतिविधि अगाडि बढ्न सक्दैनन् । अरु पाठ्यक्रमलेझैं भाषा पाठ्यक्रमले पनि विद्यालयभित्र र बाहिर बालबालिकाले गर्ने सम्पूर्ण अनुभवलाई समेट्छ । यसले विद्यार्थीहरुमा ज्ञान, सीप , धारणाको विकास गर्न ठूलो सहयोग गर्दछ । यसले विद्यार्थीहरुको आवश्यकता र रुचिलाई ध्यानमा राखेर अनुसन्धानका आधारमा भाषा सिकाइका लागि मार्गनिर्देश गर्दछ । सिकाइ उद्देश्य, पाठ्यवस्तुको छनौट, विधाको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रिया पाठ्यक्रमका अङ्गहरु हुन् । भाषाको कुनै वा सम्पूर्ण पक्षहरु वा कुनै भाषिक भेद सिकाउने उद्देश्यले निर्मित पाठ्यक्रम नै भाषा पाठ्यक्रम हो । अतः यसमा भाषाका चारवटा सीपहरु (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) र तिनै पक्षहरु ( शब्दभण्डार, व्याकरण र सम्प्रेषण क्षमता ) को विकास गराउने लक्ष्य राखिएको हुन्छ । अन्य पाठ्यक्रममा भाषा साधन र विषयवस्तु साध्य हुने गर्दछ तर भाषा पाठ्यक्रममा चाहिँ भाषा नै साध्य र साधन हुने भएकाले यो अन्य पाठ्यक्रम भन्दा फरक हुन्छ ।

**२.२.१.२ भाषा पाठ्यपुस्तक :**

पठनपाठन प्रक्रियालाई सुचारू रूपले सञ्चालन गर्न पाठ्यक्रम मात्र सबै थोक होइन । जुनसुकै शिक्षा व्यवस्थामा पनि पाठ्यपुस्तकको सहयोग चाहिन्छ । हाम्रो जस्तो देशमा

विद्यालयमा हुने शिक्षण सिकाइका धेरैजसो कार्यकलाप पाठ्यपुस्तकमै केन्द्रित हुन्छन् । पाठ्यपुस्तक शिक्षक, विद्यार्थी दुवै थरीका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ । शिक्षाका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमअनुसारका निर्माण गरिएका पुस्तकलाई भाषापाठ्यपुस्तक भनिन्छ । हाम्रो देशमा त अझ पाठ्यपुस्तक नै पाठ्यक्रम हो भन्ने अवधारणा समेत यदाकदा पाइन्छ । पाठ्यपुस्तककै माध्यमबाट कक्षाकार्य, गृहकार्य, मूल्याङ्कन आदि कुरा सम्पन्न हुने हुँदा यसको विशेष महत्त्व रहने गर्दछ । पाठ्यपुस्तकलाई मुद्रित शिक्षक भनेबाट पनि यसको महत्त्व अझ बढी झल्किन्छ । (अधिकारी र शर्मा २०६३)

पाठ्यपुस्तक पाठ्यक्रमले तोकेको विधाको क्षेत्र र क्रम अथवा विषयवस्तुको छनोटको सीमाभित्र बसेर लेखिएको हुन्छ । पाठ्यक्रमले निर्देश गरेअनुसार पाठ्यपुस्तकमा विषय-वस्तुहरू समावेश गरिएका हुन्छन् । विद्यार्थीहरूका मानसिक, संवेगात्मक, बौद्धिक पक्षका साथै उनीहरुको रुचि, आवश्यकता तथा सिकाइ प्रवृतिलाई ध्यानमा राखेर भाषा पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । हाम्रो देशमा दक्ष एवम् तालिमप्राप्त शिक्षकहरुको अभाव रहेको छ । आर्थिक अभावका कारण विद्यालयहरुमा अन्य शिक्षणसामाग्रीको अभाव हुने गरेको कारणले पनि सबैजसो शैक्षिक गतिविधिहरुमा पाठ्यपुस्तकमै निर्भर हुनु परेको छ । भाषा पाठ्यक्रम भाषाशिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपुस्तक त्यसको व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्यपूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामाग्री हो । पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्यपूर्ति गर्न के - कस्ता विषयवस्तु र विधालाई आधार बनाएर ती भाषिक सीपको विकास गराउन सकिन्छ, सो कुरामा ध्यान दिइएको हुन्छ । यसरी भाषाशिक्षण सिकाइको एक व्यवस्थित र भरपर्दो पाठ्यसामग्री नै पाठ्यपुस्तक हो  भन्न सकिन्छ ।

### २.२.१.३ लेखाइ सीप

अभिव्यक्तिको प्रमुख माध्यम भाषा हो । भाषाका दुईओटा रूपहरू छन्:  मौखिक र लिखित । व्यक्तिले विचार तथा भावनाहरुको आदान - प्रदान भाषाका माध्यमबाट गर्दछ । भाषाको आदान प्रदानमा चारवटै सीपहरु संलग्न हुने गर्दछ । ती सीपमध्ये सुनाइ र पढाइ आदानात्मक प्रकृतिका सीप हुन्  भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका सीप हुन् ।

आफ्ना अनुभव एवम् विचारलाई लिपिबद्ध गर्नु लेखाइ हो । अभिव्यक्तिको लिखित माध्यमलाई लेखाइ भनिन्छ । लेखाइलाई अभिव्यक्तिको विशिष्ट सीप मान्नुपर्ने हुन्छ । आफ्ना

अनुभव एवम् विचारलाई विस्तृत परिवेश दिन र आफ्ना अभिव्यक्तिलाई पछिसम्म उपयोगी हुन सक्ने बनाउन लेखाइको आवश्यकता पर्छ ।

आफ्ना मनमस्तिष्कमा रहेका भावना एवम् विचारलाई लिपिचिन्हको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्नुलाई लेखाइ भनिन्छ (अधिकारी, शर्मा २०६६) । लेखाइबाट व्यक्त भएको भाषामा ध्वनिका सहलिपि चिन्हहरूको प्रयोग गरिन्छ । यसमा आफ्नो भाव एवम् विचारअनुसार शब्दभण्डार ,संरचना ,शैली आदिको छनोट गरिनु आवश्यक हुन्छ । वर्णन लेख्नु, चिठी लेख्नु, कथा लेख्नु, निबन्ध लेख्नु, हस्तलेखन, घटना वर्णन , अनुभव लेखन, सारांश लेखन, संवाद लेखन प्रश्नोत्तर ,प्रबन्ध लेखन आदि लेखाइ सीपसँग समबन्धित कार्यकलाप हुन् ।

लेखाइ वैयक्तिक साथै सामाजिक आवश्यकता पनि हो । लेखिएका कुराबाट सामाजलाई प्रशस्त लाभान्वित गराउन सकिन्छ । पुस्तककारमा व्यक्त भएका विचारहरू पढेर आफ्ना विचार तिखार्छौं । लिखित सामाग्री नभएमा उक्त मौका प्राप्त हुने थिएन । वास्तवमा लेखाइले अनुभव , भावना र ज्ञानको अभिव्यक्ति गर्ने माध्यम मात्र नभइ यो ती अनुभव, भावना र ज्ञानको प्रचार - प्रसार एवम् संभार गर्ने माध्यम पनि हो भन्नु उपयुक्त हुन्छ ।

यस प्रकार मानवीय जीवनमा हरेक क्षेत्र तथा कार्यकलापमा लेखाइ सीपको आवश्यकता पर्दछ । वर्तमान समयमा त यसको अभावमा मानिसलाई सहज रूपमा जीवनयापन गर्न कठिनाइ हुन जाने देखिन्छ । त्यसैले भाषाका चारवटा सीपहरु मध्ये लेखाइसीप महत्वपूर्ण सीप मानिन्छ ।

**२.२.२ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व :**

भाषाका चारवटा सीपहरुमध्ये लेखाइ एउटा महत्त्वपूर्ण सीप हो । सुनेका,बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गरिने काम लेखाइबाट हुन्छ । सुनाएर प्रस्तुत गरिने काम लेखाइबाट हुन्छ । सुनाइ, बोलाइ र पढाइका तुलनामा तल्ला तहमा लेखाइको कम प्रयोग गरिने भए पनि यसको अपरिहार्यता अस्वीकार गर्न चाहिँ मिल्दैन । लेखाइको प्रयोग केवल विद्यालय र महाविद्यालयमा मात्र नभएर घरायसी कामकाजका हरेक आवश्यकता परिपूर्तिका लागि गरिने भएकाले लेखाइ शिक्षणको आवश्यकताको महत्त्व रहेको छ ।

मुख्यतः दुई स्थितिमा लेखाइको आवश्यकता विशेष रुपमा अनुभव हुन्छ । पहिलो जब श्रोता वक्ताको सामु हुँदैन, तब लेखाइको आवश्यकता पर्छ । दोस्रो जब श्रोता  अज्ञात छ अथवा

त्यस्तो व्यक्ति सर्वसाधारण जनता वा कुनै खास वर्ग नै हो , त्यस अवसरमा पनि लेखाइको आवश्यकता पर्छ । लेखाइ वैयक्तिक र सामाजिक आवश्यकता पूर्तिको माध्यम मात्र नभई व्यक्तिको वैयक्तिक सन्तुष्टिको माध्यम पनि बन्न सक्छ । यस प्रकारको लेखाइ प्रायः साहित्यिक लेखनसँग सम्बन्धित हुन्छ । साहित्यिक लेखनद्वारा व्यक्ति आफ्ना चाहना कल्पना एवम् संवेगलाई जनसमक्ष राख्न चाहन्छ र ऊ समाजप्रतिको दायित्व पूरा गर्दछ । लेखाइ व्यावहारिक कार्यकलाप पनि हो । सामान्य घरायसी व्यवहारका लागि पनि लेखाइ शिक्षण व्यावसायिक दृष्टिले महत्त्वपूर्ण छ । लेखेर नै जीविका चलाउने कलमजीवीहरुको संख्या शिक्षित क्षेत्रमा प्रशस्तै बढ्दै गएको छ । खास संस्था वा कार्यालयसँग सम्बन्धित कतिपय व्यक्तिहरुका लागि लेखन उनीहरुको व्यावसायिक अङ्ग बनेको छ । लेखाइलाई शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण अङ्ग मान्न सकिन्छ । किनकि लेखाइका माध्यमद्वारा नै कतिपय भाषिक तथा संज्ञानात्मक तथा वैयक्तिक कार्यकलाप त हुँदै हो, त्यसमा पनि यसको उपयोगिता सामान्य व्यवहारदेखि लिएर व्यवसायगत एवम शिक्षणगत प्रयोजनका लागि पनि प्रशस्त देखापर्छ ।

विभिन्न आवश्यकता पूर्तिका लागि विद्यालय तहको शिक्षण र अभ्यास मात्र लेखाइका लागि काफी नहुन सक्छ । प्रारम्भिक तहको लेखन शिक्षण प्राय : अभ्यासिक प्रकृतिको हुन्छ र त्यस तहमा लेखनका शैक्षणिक र व्यावहारिक आवश्यकताका लागि यसको उपयोग गर्ने सामान्य पृष्ठभूमि मात्र तयार हुने देखिन्छ । जब विद्यार्थीले उच्च मा.वि. तहसम्म पूरा गरिसकेको हुन्छ तब उसमा लेखाइलाई व्यावहारिक तथा वैयक्तिक आवश्यकताका साथै शैक्षणिक तहका लागि उचित रुपमा उपयोग गर्ने आवश्यकता राखिन्छ । त्यसका साथै उच्च मा.वि. तह पूरा गरिसकेपछि मध्यम तहका लागि पर्ने लेखनसम्बन्धी व्यावसायिक पृष्ठभूमि बनाउन पनि सक्षम हुन्छ भन्ने आशा राखिन्छ । लेखनकलामा कमजोर हुँदा विद्यार्थीहरुलाई कुनै पनि तह तथा परीक्षा उत्तीर्ण गर्न कठिनाई हुने हुन्छ । त्यसैले पनि विद्यार्थीहरुमा लेखन क्षमता बढाउँदै लैजानु आवश्यक हुन्छ । यस प्रकार वर्तमान समयमा मानवीय आवश्यकता बनिसकेको लेखाइ कलाको विकास गर्दै लैजान लेखाइ शिक्षणको विकल्प छैन भन्ने कुरामा दुईमत छैन भन्न सकिन्छ ।

### २.२.३ लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान :

भाषाका लिखित र मौखिक गरी दुई रुप छन् । ध्वन्यात्मक सङ्केतका माध्यमबाट मनका विचार तथा भावनाहरूलाई व्यक्त गरिएको माध्यम बोलाइ हो भने आफ्ना मन-मस्तिष्कमा रहेका भावना एवम् विचारलाई लिपिचिहनहरुको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । लेखाइबाट व्यक्त भएको भाषामा ध्वनिका सट्टा लिपि चिन्हको प्रयोग गरिन्छ । आफ्ना विचार एवम् भावनाहरुलाई व्यक्त गर्ने एउटा प्रमुख माध्यम लेखाइ हो । लेखाइका माध्यमद्वारा विचार व्यक्त गर्दा त्यसलाई कुनै निश्चित तत्वले छेक्न सक्दैन । यसको क्षेत्र विस्तृत हुने गर्दछ । शब्दभण्डारको छनौट गर्न र स्तरीय वाक्य रचना गर्ने क्षमताको विकास गर्न लेखनकलाले ठूलो सहयोग गर्दछ । व्यक्तिको लेखनकलालाई परिष्कृत एवम् विकसित गर्दै लैजान लेखन अभ्यासले ठूलो सहयोग गर्दछ । त्यसकारण तल्ला तहदेखि नै हस्तलेखन, अनुलेखन, घटना लेखन, निबन्ध लेखन, संवाद लेखन, प्रश्नोत्तर, श्रुतिलेखन, निवेदन लेखनजस्ता विभिन्न लेखन कलासँग सम्बन्धित क्रियाकलापहरु गराएर विद्यार्थीमा लेखनकला क्षमताको विकास गर्दै लैजान सकिन्छ । क्रमशः माथिल्लो तहमा जाँदा दैनिकी लेखन, बुँदा टिपोट भावविस्तार, संक्षेपीकरण, अनुच्छेद लेखन, प्रबन्धलेखन, प्रतिवेदन लेखन, निबन्ध लेखनजस्ता क्रियाकलाप गराएर लेखन क्षमताको विकास गर्दै लैजान सकिन्छ ।

लेखाइ सीपको विकास गर्ने विभिन्न क्रियाकलापहरूमध्ये निबन्धलेखन पनि एक महत्त्वपूर्ण क्रियाकलाप हो । यसमा स्वतन्त्र र निर्देशित तहमा उनीहरुका अनुभवसँग सम्बन्धित विषय दिएर निबन्ध लेखन गराउनुपर्ने हुन्छ र माथिल्ला तहमा चाहिँ आत्मपरक किसिमका शीर्षकमा निबन्ध लेखन गराउनु उपयुक्त मानिन्छ । माध्यमिक तहका साथै उच्च मा.वि. र सो भन्दा माथिल्लो तहमा समेत निबन्ध लेखनसम्बन्धी अभ्यासलाई प्राथमिकताका साथ समावेश गरिएको छ । निबन्ध लेखनमा व्यक्ति जति सक्षम हुँदै जान्छ, उसमा त्यति नै प्रौढता आउँछ । यी विभिन्न कारणबाट के कुरा प्रष्ट हुन्छ भने  लेखाइ सीपमा दक्ष बनाउन निबन्धलेखन एक उत्कृष्ट कार्यकलाप हो । निबन्धलेखनमा वर्णविन्यासगत, व्याकरणगत शब्दभण्डार, चिह्न प्रयोग, वाक्यगठन, विषयवस्तुको आदि, मध्य र अन्त्यको प्रस्तुतीकरणजस्ता लेखाइसम्बन्धी सम्पूर्ण नियमहरू समावेश भएका हुन्छन् । यसर्थ विद्यार्थीहरुमा सम्पूर्ण लेखाइसम्बन्धी धारणात्मक, प्रयोगात्मक, संज्ञानात्मक सीप विकास गराउन निबन्धलेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान महत्त्वपूर्ण साबित हुन्छ ।

**२.२.४ विद्यालय तहमा निबन्ध शिक्षणको प्रयोजन :**

निबन्धको मुख्य उद्देश्य  कुनै विषयमा स्वतन्त्रपूर्वक आफ्ना विचार लेख्न सक्ने क्षमता हाँसिल गर्नु हो । आफ्नो वस्तुतथ्यात्मक, भावात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई मिलाएर शृङखलाबद्धरूपमा प्रस्तुत गर्ने सीप आर्जन गर्नु हो । निबन्धलेखनमा अनुभव र ज्ञान सम्पन्नताको प्रशस्त हात रहन्छ । विद्यार्थीहरूलाई आफूले देखेका, भोगेका, पढेका तथा अनुभव गरेको कुराहरूलाई सिलसिला मिलाई लिखित रुपमा व्यक्त गर्न सक्ने बनाउनु नै निबन्धलेखनको प्रमुख प्रयोजन हो । अन्य विधाहरुभन्दा निबन्धलाई प्रौढ, खाँदिलो तथा बौद्धिक विधा मान्ने गरिन्छ । निबन्धले अनुभूतिलाई शब्दमा रुपान्तरण गर्छ । सिकारुदेखि सिद्धहस्त लेखकसम्म र सामान्य चर्चादेखि गहन अभिव्यक्तिसम्म निबन्ध हिँडेको हुन्छ । भाषा तथा साहित्य शिक्षणका दृष्टिले विविध उद्देश्य परिपूर्तिका लागि निबन्ध विधालाई उपयोग गर्न सकिन्छ । खासगरी साहित्यिक विधाका रूपमा यसको शिक्षणका प्रमुख प्रयोजनहरू निम्नानुसार छन् :-

- विद्यार्थीहरूमा लेखनकलाको समुचित विकास गर्नु ,
- स्वतन्त्र लेखनको सुसङ्गठित पहिचान र अबलम्बन गर्न सिकाउनु ,
- स्वतन्त्रपूर्वक विचार प्रकट गर्न सक्ने क्षमताको विकास गर्नु ,
- स्थान र प्रसङ्गअनुसार भाषिक शब्दावलीको प्रयोग गर्न सक्षम बनाउनु ,
- स्पष्ट शुद्धरूपमा लेख्य अभिव्यक्ति गर्न सक्ने तुल्याउनु ,
- बोध र अभिव्यक्तिको विकासका अलावा कुनै विस्तारित सामाग्रीहरूलाई सङ्क्षेपमा र सङ्क्षेपलाई विस्तारमा अभिव्यक्ति गर्ने सीपको विकास गराउनु ,
- साहित्यप्रति अनुराग बढाउन र साहित्यिक सिर्जना गर्नतर्फ अभिप्रेरणा जगाउनु ,
- साहित्यिक सर्जकहरूको रचनाका आधारमा समीक्षात्मक तथा विश्लेषणात्मक रुपमा पहिचान गर्ने क्षमता विकास गराउनु ।

यसप्रकार माथि प्रस्तुत प्रयोजनबाहेक निबन्ध शिक्षणका प्रयोजनहरू अन्य पनि रहेका छन् । निबन्ध विधाले अन्य विधाहरूको शिक्षणसँग समेत प्रत्यक्ष सम्बन्ध राख्दछ । यसप्रकार

मूल रुपमा भन्नुपर्दा विद्यार्थीहरूमा लेखाइ सीपको विकास गराउन निबन्ध शिक्षणको प्रमुख भूमिका रहन्छ भन्नु मा अत्युक्ति नहोला ।

### २.२.५ विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा निबन्ध विधाको स्थान र शिक्षण प्रक्रिया :

निबन्ध लेखन लेखाइ सीप विकासको एक महत्त्वपूर्ण कार्यकलाप हो । निबन्धलाई प्रबन्ध शब्दका रुपमा समेत चिनाउने गरिन्छ । चिन्तन वा लेखकका सोचाइ, विचार, आग्रह, प्रतिभा र खुबीको अभिव्यक्ति निबन्धबाट हुन्छ । मनका उन्मुक्त विचारहरू आफ्ना अनुभवले रंगाएर वा तटस्थ रही विषयको नालीबेली दिएर केही कुरा लिपिबद्ध गर्ने काम निबन्धमा गरिन्छ । व्यक्तिमा सिर्जनात्मक ढङ्गले आफ्ना विचार प्रस्तुत गर्न सक्ने क्षमताको विकास गराउने, नेपाली भाषाको मानक रूपसँग परिचित गराउने प्रमुख उद्देश्य निबन्ध लेखन शिक्षणको रहेको छ । विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा निबन्ध विधाअन्तर्गत के-कस्ता क्षेत्रहरूलाई समेटिएको छ, नयाँ शिक्षण प्रक्रियालाई कसरी परिभाषित गरिएको छ भन्ने तर्फ अध्येयताबाट प्रस्तुत अध्ययनमा खोजीगर्ने कोसिस गरिएको छ । वर्तमान विद्यालय तहका पाठ्यक्रमहरूमा निबन्ध विधाको विधागत स्थान शिक्षण प्रक्रियालाई क्रमबद्ध रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

#### २.२.५.१ प्राथमिक शिक्षा पाठ्यक्रम :

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले प्राथमिक तहलाई कक्षा एकदेखि पाँचसम्म मानेको छ । यस पाठ्यक्रमले नेपाली भाषा विषयअन्तर्गत निम्न क्षेत्रहरूलाई समेटेको पाइन्छ : भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ,) भाषिक सीपका क्षेत्रहरू (उच्चारण, बोध श्रुति, पठन, कार्यमूलक व्याकरण, शब्दकोश) शब्दभण्डार, वाक्यका पदसंख्या । विद्यार्थीहरूले नेपाली भाषा विषयमा हासिल गर्ने सिकाइ उपलब्धिहरू शीर्षकमा विविध क्षेत्र तथा भाषिक सीपहरूको उपलब्धि क्षमतालाई कक्षा पाँचको अन्त्यमा समावेश गरिएको छ । यसरी भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ अन्तर्गत निम्न पक्षहरूलाई समावेश गरिएको छ :

- पूर्णविराम , अर्धविराम , अल्पविराम , प्रश्नवाचक , विस्मयादिबोधक, उद्धरण, योजक र हिज्जे मिलाई ठीक दूरीमा सफासँग अरुलाई बुझाउन सक्ने गरी लेख्न,
- स्वतन्त्र रूपमा छोटा ( चिठी, निबन्ध, प्रबन्ध) रचनाहरू गर्न,

- चेक लेख्न तथा फारमहरू भर्न ।

यसरी प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले छोटा प्रबन्धात्मक रचना लेख्न तथा चित्रहरूको वर्णन गर्न लगाएर विद्यार्थीहरूमा लेखनक्षमताको विकास गराउने लक्ष्य राखेको देखिन्छ । परिचित शीर्षकमा विद्यार्थीहरूलाई प्रबन्ध लेख्न सक्ने बनाउनु प्राथमिक नेपाली भाषा पाठ्यक्रमको उद्देश्य रहेकाले निबन्धलेखन प्रक्रियालाई यस पाठ्यक्रमले लेखाइ सीप विकासका लागि प्रमुख माध्यमका रुपमा समावेश गरेको छ भन्न सकिन्छ ।

### २.२.५.२ निम्न माध्यमिक पाठ्यक्रम २०५८ ( परिमार्जित पाठ्यक्रम )

निम्न माध्यमिक पाठ्यक्रम २०५८ ले कक्षा ६,७ र ८ लाई निम्न माध्यमिक तह मानेको छ । यस पाठ्यक्रमले नेपाली भाषामा विधागत क्षेत्र निर्धारणका क्रममा प्रबन्ध, निबन्ध , कथा , जीवनी , चिठी , रूपक, कविता , व्याकरण र शब्दभण्डारजस्ता विधाहरूलाई समेटेको पाइन्छ । यो तह पूरा गरिसकेपछि विद्यार्थीहरूले प्राप्त गर्ने सिकाइ उपलब्धिहरूका सन्दर्भमा स्तरअनुसारका विषयमा सन्दर्भ र सिलसिला मिलाई रचना गर्न सक्ने रहेको छ । स-साना मौखिक रचनाहरु सन्दर्भ र सिलसिला मिलाई लेख्न सक्षम हुनु लगायतका उद्देश्य राखिनुले लेखाइ सीपसम्बन्धी क्षमता बढाउन पाठ्यक्रमले महत्त्व दिएको छ भन्न सकिन्छ । त्यस्तै कक्षा आठ अन्तर्गत लेखाइसम्बन्धी उद्देश्यहरूमा स्तरअनुसारका विषयमा सिलसिला मिलाई प्रबन्ध लेख्न सक्ने उद्देश्यसमावेश गरिएबाट प्रबन्ध लेखनलाई पाठ्यक्रमले विशेष रुपमा हेरेको पाईन्छ ।

निम्न माध्यमिक तहमा विधागत वितरणलाई हेर्दा अन्य विधाहरुको भन्दा प्रबन्ध, निबन्ध विधाका क्षेत्रहरु बढी समावेश गरिएको छ । जसअन्तर्गत सामाजिक, सांस्कृतिक, प्राकृतिक , वातावरणीय , कलात्मक , वैज्ञानिक , प्राविधिक , व्यावसायिक क्षेत्रका निबन्धहरू रहेका छन् । कक्षा ६,७ र ८ मा निबन्ध विधाको क्षेत्रगत वितरणमा समानस्तरको रहेको छ । पाठ्यक्रमकाअनुसार पाठ्यपुस्तकको निर्माण गर्दा निबन्ध विधाको शिक्षणका अतिरिक्त सिर्जनात्मक क्रियाकलाप शीर्षकमा विभिन्न विषयमा निबन्ध लेख्न निर्देश गरिएका अभ्यासहरु समावेश गरिएका छन् । यस प्रकारका सिर्जनात्मक क्रियाकलापहरूका माध्यमबाट विद्यार्थीहरूमा लेखन सीप क्षमताको विकास गर्ने उद्देश्य राखिएका छन् ।

निम्न माध्यमिक तहमा निबन्ध विधाको मुख्य उद्देश्य विद्यार्थीहरूमा गद्यात्मक किसिमले आफ्ना बिचारहरू लिखित ढङ्गले व्यक्त गर्न सक्ने क्षमताको विकास गर्नु रहेको छ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन , प्रश्नोत्तर , छलफल , व्याख्या आदिको उपयोग गर्नु पर्दछ । यसका अतिरिक्त गद्यांशको सस्वरपठन,  बुँदागत टिपोट, सारांश , भावविस्तार , व्याख्यानका साथै शब्दोच्चारण , कठिन शब्दको अर्थ पहिचान वा वाक्यमा प्रयोग, श्रुतिलेखन तथा अनुलेखनजस्ता अभ्यास गराउनु आवश्यक छ । (अनिवार्य नेपाली निम्न माध्यमिक पाठ्यक्रम २०५८)

यसप्रकार निबन्ध विधालाई निम्न माध्यमिक पाठ्यक्रम २०४९ ले विशेष महत्त्व दिएको छ । अन्य विधाहरूभन्दा निबन्ध, प्रबन्ध विधालाई प्राथमिकताका साथ राखी खास शीर्षकमा स्वतन्त्र र निर्देशित किसिमले अभ्यास गराउनुबाट निबन्ध लेखन शिक्षणको महत्त्वपूर्ण स्थान छ भन्न सकिन्छ ।

### २.२.५.३ माध्यमिक शिक्षा पाठ्यक्रम २०५५

माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ले कक्षा ९ र १० लाई माध्यमिक तह भनेर परिभाषित गरेको छ । माध्यमिक तहको शिक्षाका उद्देश्यहरू सो पाठ्यक्रमले स्पष्ट किटान गरेको छ । यस तहको शिक्षाको उद्देश्यलाई यस प्रकार उल्लेख गरिएको छ :-

राष्ट्रिय परम्पराको सांस्कृतिक एवम् सामाजिक वातावरणसँग परिचित , प्रजातान्त्रिक मूल्य र मान्यतासँग परिचित , भाषिक व्यवहारमा सक्षम , वैज्ञानिक सुझबुझ भएका , सृजनशील, सहयोगी , उद्यमशील , स्वावलम्बी एवम् आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने स्वस्थ र सक्षम नागरिक तयार गर्ने ।

अनिवार्य नेपाली माध्यमिक पाठ्यक्रम २०५५मा भाषिक सीपअन्तर्गत छुट्टा-छुट्टै उद्देश्यहरु निर्धारण गरिएको छ । यसै क्रममा लेखाइ सीपभित्र १० वटा उद्देश्यहरूलाई छुट्टयाइएको छ । स्तर अनुसारका विषयहरुमा सिलसिला मिलाएर अनुच्छेद छुट्टयाई निबन्ध लेख्न भन्ने जुन उद्देश्य राखिएको छ, त्यसले निबन्ध लेखनलाई संकेत गरिएको छ । यस पाठ्यक्रमले नेपाली भाषाको समसामयिक विषयवस्तुलाई समावेश गर्ने क्रममा निबन्ध , प्रबन्ध , कथा , जीवनी , रुपक , चिठी, दैनिकी , कविता ,भाषातत्त्व , शब्दभण्डार जस्ता विधाहरुलाई समेटिएको छ । सामाजिक , प्राकृतिक , वातारणीय कलाकौशल  तथा सौन्दर्य, सांस्कृतिक तथा

ऐतिहासिक , वैज्ञानिक तथा प्राविधिक र व्यावसायिक क्षेत्रका निबन्धहरूलाई यस तहको पाठ्यक्रममा समावेश गरिएको छ । यसैगरी माध्यमिक तहका पाठ्यपुस्तकमा निबन्धका विभिन्न शीर्षक दिएर विद्यार्थीहरुमा सिर्जनात्मक लेखन सीपको क्षमता विकास गराउन लक्ष्य राखिएको छ । विद्यालय तहमा वर्णनात्मक निबन्ध, प्रबन्ध शिक्षण गराइन्छ । निबन्ध शिक्षण गर्दा यसका लेखन नियमहरुलाई पनि जानकारी गराउनु पर्ने हुन्छ ।

यसरी हेर्दा माध्यमिक तहको पाठ्यक्रममा निबन्ध विधा शिक्षण तथा निबन्ध लेखन शिक्षण दुबै पक्षमा समानता पाइन्छ । माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ ले निबन्ध विधालाई प्राथमिकताका साथ समावेश गरेको छ भन्न सकिन्छ ।

### २.२.५.४ उच्च माध्यमिक शिक्षा पाठ्यक्रमः २०४९

उच्च माध्यमिक शिक्षा पाठ्यक्रमले कक्षा ११ र १२ लाई उच्च माध्यमिक तह मानेको छ । यस तहको उद्देश्यहरूमा विद्यार्थीहरूमा प्रजातान्त्रिक मूल्य र मान्यताको विकास गर्ने, राष्ट्रको लागि आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्ने, स्वतन्त्रपूर्वक आफ्ना विचार व्यक्त गर्न सक्ने क्षमताको विकास गर्ने, स्वाबलम्बी, उद्यमशील नागरिक तयार पार्ने, राष्ट्रका लागि अर्थोपार्जन गर्न सक्ने नागरिक तयार पार्ने रहेका छन् । यस तहमा नेपाली विषयको पाठ्यांशलाई हेर्दा १०० पू.को अनिवार्य, २०० पू.को ऐच्छिक तथा ५० पू. को प्रारम्भिक नेपाली शिक्षण गरी ३५० पू. राखिएको छ ।

**अनिवार्य नेपाली विषयका विषयगत उद्देश्यहरू**

- सम्बन्धित स्तरका पाठ्य सामाग्रीहरूबाट बोध, बुँदा टिपोट र संक्षेपीकरण गर्न,
- सामान्य र प्राविधिक शब्दहरुको अर्थ दिन र सन्दर्भ अनुरुप प्रयोग गर्न,
- अभिव्यक्तिमा प्रयोग हुने शब्दहरुको उपयुक्त वर्णविन्यास लेख्न,
- निर्धारित प्रक्रियाको उपयोग गरी शब्द निर्माण गर्न,
- अनुच्छेद, चिठी, सूचना तथा विज्ञापन लेख्न,
- निबन्ध, टिप्पणी तथा प्रतिवेदन लेख्न र
- साहित्यिक कृतिको समीक्षा गर्न ।

**यसै गरी ऐच्छिक नेपाली विषयका उद्देश्यहरूलाई यसप्रकार राखिएको छ :**

- नेपाली कथा, उपन्यास र निबन्धको विकासक्रमको सामान्य परिचय दिन,
- निर्धारित रचनाको रचनाकारको सामान्य परिचय दिई तिनीहरुलाई विभिन्न आधारमा समीक्षा गर्न,
- नेपाली भाषाको ऐतिहासिक विकासक्रमको जानकारी दिई भाषाका प्रयोजनपरक भेदहरु देखाउन,
- नेपाली भाषाको साहित्यका लागि आवश्यक हेतु, प्रयोजन, छन्द तथा अलङ्कारको परिचय दिन,
- नेपाली कविता, काव्य, नाटक र एकाङ्कीको विकासक्रमको सामान्य परिचय दिन,
- निर्धारित रचनाका रचनाकारको परिचय दिई कविता, काव्य, नाटक र एकाङ्कीको समीक्षा गर्न,
- नेपाली साहित्यको सङ्क्षिप्त ऐतिहासिक रूपरेखा स्पष्ट पार्न ।

अनिवार्य नेपाली विषय यस तहको हरेक सङ्कायमा राखिएको छ । नेपाली भाषा राष्ट्रभाषाB र सम्पर्क भाषा भएकाले यसको पाठ्यक्रम तथा पाठ्यपुस्तक उपयुक्त हुनुपर्छ । यस तहका पाठ्यपुस्तकमा व्याकरण, कथा, कविता, निबन्ध, नाटक, एकाङ्की, खण्डकाव्यजस्ता विधाहरुलाई  समावेश गरिएको छ । शुद्ध भाषाको प्रयोग गरी विद्यार्थीहरुमा भाषा, साहित्यको विकास गर्ने उद्देश्य यसले लिएको छ । यस तहमा अनिवार्य तथा ऐच्छिक दुबैमा निबन्धलाई समावेश गरिएको छ । यस तहमा विद्यार्थीहरुमा स्वतन्त्रतापूर्वक आत्मपरक शैलीमा निबन्धलेखन क्षमताको विकास गर्ने लक्ष्य राखिएको छ । त्यसैले यसमा निबन्ध विधालाई महत्त्वका साथ समेटिएको छ । अनिवार्य नेपालीमा यसलाई १० अङ्क छुट्याइएको छ, जसमा तार्किक क्षमतालाई मूल्याङ्कन गर्न खोजिएको छ । यसै गरी ऐच्छिक नेपालीमा चाहिँ यसका लागि २० अङ्क छुट्याइएको छ ।

B वर्तमान अन्तरिम संविधान २०६३ ले नेपालमा मातृभाषाका रूपमा बोलिने सबै भाषालाई राष्ट्रभाषा मानेको

यसरी यस तहमा विद्यार्थीहरुमा निबन्धको विकासक्रमको जानकारी प्रदान गरी विभिन्न विषय शीर्षकमा आफ्ना तर्कपूर्ण विचारहरु प्रस्तुत गरी निबन्ध लेख्न सक्ने क्षमताको विकास गराउने लक्ष्य राखिएको छ । यस तहमा खास गरी आत्मपरक निबन्ध शिक्षण गरिन्छ । शिक्षण गर्दा अनुच्छेदबद्धता,अनुच्छेद-अनुच्छेद बीचको अन्तर्सम्बन्ध आदि कुरामा ध्यान दिनुपर्ने त्यत्तिकै आवश्यक छ । यो विधा शिक्षण गर्दा विवरणात्मक, समीक्षात्मक एवम् व्याख्यानात्मक विधि अपनाइन्छ ।

## २.३ सारांश

उच्च माध्यमिक तहमा निबन्ध विधालाई महत्त्व दिएको छ । उच्च मा.वि. तह पार गरिसकेपछि स्नातक तहमा समेत यस विधालाई समावेश गरेकाले पनि यस तहमा निबन्ध विधालाई विशेष स्थान दिइएको छ । विद्यार्थीको वैचारिक, तार्किक, बौद्धिक अभिव्यक्तिको प्रस्तुतिजस्ता कुराको मूल्याङ्कन गर्न निबन्ध विधा उपयोग गरिन्छ । निबन्ध लेखनबाट विद्यार्थीहरुमा नेपाली भाषाको मानक लेखन क्षमता बढाउँदै लैजान सहज हुन्छ । यसरी लेखन क्षमताको मनोवैज्ञानिक तवरले विकास गर्दै लैजान निबन्धलेखन प्रक्रियाले सकारात्मक भूमिका खेल्ने हुँदा उ.मा. विद्यालय तहका पाठ्यक्रममा निबन्ध विधा तथा निबन्ध लेखन शिक्षण दुवै पक्षमा विशेष रुपमा ख्याल राखिएको पाइन्छ ।

# परिच्छेद - तीन

## अध्ययन विधि

अनुसन्धान भनेको नयाँ तथ्य पत्ता लगाउने वा पुरानै तथ्यको पुनरावलोकन र पुनर्व्याख्या गर्न गरिएको तर्कसङ्गत, व्यवस्थित र अनौपचारिक खोजी हो ।

यसको व्युत्पत्तिलाई हेर्दा यो शब्द 'अनु + सम + धा + अन' मिलेर बनेको देखिन्छ । अनुको अर्थ पछिपछि लाग्नु वा 'नजिक जानु' हुन्छ भने 'सन्धान' को अर्थ 'खोजी गर्नु, पत्ता लगाउनु वा अन्वेषण गर्नु' हुन्छ । यसरी अनुसन्धानको शाब्दिक अर्थ ''कुनै विषय वा समस्याको पछि लागेर त्यसको अन्वेषण गर्नु'' भन्ने हुन्छ । यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग गरिन्छ । अनुसन्धानका क्रममा विधिको महत्त्वपूर्ण भूमिका हुन्छ । कुनै पनि अनुसन्धान अध्ययन गर्दा सुरूदेखि अन्त्यसम्म अपनाइने विधिहरू पूर्व योजनाका साथ व्यवस्थित ढङ्गले अपनाउनु पर्दछ । यसो गर्ने हो भने मात्र अनुसन्धान अध्ययन कार्य विना वाधा अड्चन सफल हुन जान्छ । अध्येताले प्रस्तुत अनुसन्धान अध्ययनका लागि अपनाएका विधिहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनले कक्षा ११ र १२ मा अध्ययन गरिरहेका विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउन खोजिएको कुरा उद्देश्य खण्डबाट नै थाहा हुन्छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीलाई महत्त्व दिएर निष्कर्षमा पुग्ने प्रयास अनिवार्य ठानिएको छ । प्रस्तुत शोध शीर्षक सोझै विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीलाई केन्द्रविन्दु बनाई नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । नमुना सर्वेक्षण विधि भन्ने बित्तिकै यसको कार्य क्षेत्रीय विधि र प्रयोगात्मक विधिसँग सम्बन्धित छ । प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामाग्री निर्माण, त्यसको पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन वा तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरिएको छ । यिनै विविध सर्वेक्षणात्मक विधिहरूको उपयोग गर्दै प्रस्तुत अध्ययनको प्रारुप तयार पारिएको हो । अध्ययनमा अवलम्बन गरिएका प्रक्रियाहरूको विस्तृत विवरण निम्नानुसार छ :-

### ३.१ जनसङ्ख्याको पहिचान :

शैक्षिक सत्र २०६६/ ०६७ मा उच्च मा.वि. तहमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याको रूपमा लिइएको छ तर अध्ययनको प्रयोजन, समय, लगानी आदिका कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने तथा आवश्यक पनि नभएकाले अध्ययनको सीमाङ्कन क्षेत्र कञ्चनपुर जिल्ला भित्रका सरकारी र निजी गरी ६ वटा विद्यालयका जम्मा ६० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.२ प्रतिनिधि नमुना :

सम्पूर्ण जनसङ्ख्यालाई लिएर अध्ययन अनुसन्धान गर्नु असम्भव र अव्यावहारिक हुने गर्दछ । सम्पूर्ण जनसङ्ख्यालाई प्रतिनिधित्त्व गर्ने गरी र जनसङ्ख्याका गुण वा विशेषताहरू त्यस नमुनामा समावेश होऊन भन्ने कुरामा अध्येयताको दृष्टिकोण हुन्छ । कुनै पनि अनुसन्धान अध्ययनमा त्यसको व्याख्या र विश्लेषणसम्म पुग्न सम्पूर्ण जनसङ्ख्या मध्ये कसरी नमुनाको प्रतिनिधित्त्व गराइएको छ भन्ने कुरा नितान्त आवश्यक पक्ष हो । प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्त्व गराउन नमुना छनोट, वर्ग छनोट विधि अपनाइएको छ । नमुना छनोट गर्ने क्रममा कञ्चनपुर जिल्लाका ४ वटा सरकारी विद्यालयको चयन गर्दा गाउँ विकास समिति र नगरपालिका अन्तर्गत रहेका विद्यालयलाई लिइएको छ । कञ्चनपुर जिल्ला भित्र पर्ने दोधारा-चाँदनी, सुडा तथा बेल्डाँडी गाउँ विकास समिति र भीमदत्तनगरपालिकामा रहेका सरकारी विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट फरक-फरक भाषिक पृष्ठभूमि भएका छात्र छात्रा पर्ने गरी प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले ४० जना विद्यार्थीहरूको छनोट गरिएको छ । सोही प्रक्रिया अवलम्बन गरी २ वटा निजी विद्यालयबाट २० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ । निजी विद्यालयमा भीमदत्तनगरपालिका भित्रका विद्यालयलाई रोजिएको छ । यसरी विद्यालयहरूको छनोट गर्दा विभिन्न क्षेत्रबाट समग्र विद्यालयहरूको प्रतिनिधित्त्व भएको अपेक्षा अध्येयताको रहेको छ ।

सरकारी र निजी विद्यालयको छनोट गर्दा सरकारी विद्यालयहरू गाउँ विकास समिति तथा भीमदत्त नगरपालिका भित्रबाट र निजी विद्यालयहरूलाई भीमदत्त नगरपालिका अन्तर्गत पर्ने गरी चयन गरिएको छ । यस कुराले गाउँ र सहर बीचको समूहगत विश्लेषण गर्ने गरी चयन गरिएको छ । सरकारी र निजी विद्यालयको छनोटमा सरकारी विद्यालयहरू गाउँ विकास

समिति र निजी विद्यालयहरूलाई नगरपालिका अन्तर्गत पर्ने गरी चयन गरिएको भए पनि एउटा सरकारी विद्यालयलाई नगरपालिका भित्रबाट नमुनाका रूपमा लिइएको छ ।

### ३.३ सामाग्री निर्माण :

अनुसन्धान अध्ययनको प्रकृति अनुसार सामाग्री निर्माण गरिनुपर्दछ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरूको लेखनकला परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने भएकाले सोही अनुरूपका सामाग्री निर्माण गर्नु आवश्यक ठानियो । निबन्धलेखन लेखनकलासँग सम्बन्धित गहन विषय भएको र विद्यार्थीहरूबाट गराउनु पर्ने हुँदा समसामायिक विषयलाई शीर्षकका रूपमा प्रस्ताव गरियो । यस क्रममा प्रतिनिधि नमुना जनसङ्ख्या मध्ये १० जनामा अध्ययेताले ४ वटा शीर्षक दिई पूर्वपरीक्षण गरेको छ । पूर्वपरीक्षणबाट प्राप्त नतिजा अनसार दुईवटा शीर्षकमा विद्यार्थीलाई निबन्ध लेख्न प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामाग्री जुटाउने प्रयत्न गरेको छ ।

### ३.४ तथ्याङ्क सङ्कलन :

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा निबन्ध लेख्न प्रेरित गरिएको थियो । जनज्योति बहुमुखी क्याम्पस नेपाली विभाग प्रमुख तथा उप प्राध्यापक श्री हरिप्रसाद खतिवडा तथा अन्य गुरुहरूको आवश्यक सुझाव र सल्लाहका आधारमा विद्यालय प्रशासनसँग समन्वय गर्दै तथ्याङ्क सङ्कलन कार्यलाई अगाडि बढाइयो । सङ्कलन गरिएका निबन्धित उत्तर पुस्तिकालाई प्रक्रियागत रूपमा जाँच गरियो । प्राप्त तथ्याङ्कलाई उत्तरपुस्तिकाको सिरानमा अङ्कित गरियो । निबन्धित उत्तरपुस्तिकालाई विषयवस्तु प्रस्तुतीकरण, भाषिक शुद्धता गरी तीन पक्षमा केन्द्रित रही वस्तुगत रूपमा अङ्क निर्धारण गरियो ।

प्रस्तुत अध्ययनका लागि शैक्षिक सत्र २०६६/०६७ अन्तर्गत फाल्गुण/चैत्र महिनाको समयलाई छनोट गरी तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । सोही कार्यका लागि छनोटमा परेका विद्यालयले १०-१० जना विद्यार्थीहरूलाई छुट्टै कोठामा राखी आवश्यक सल्लाह दिइएको थियो । एक निबन्ध शीर्षकको लागि बढीमा ५५ मि. समय सीमा निर्धारण गरी २ ओटा शीर्षकका लागि १:५० घन्टा समय दिएर निबन्ध तयार गर्न निर्देश गर्दै विद्यार्थीहरूमा लेख्न प्रेरित गरिएको थियो ।

### ३.५ व्याख्या विश्लेषण र प्रस्तुतीकरण :

कुनै पनि अनुसन्धानको मूल आधार तथ्य सङ्कलन हो भन्ने कुरामा दुई मत नहोला । प्रस्तुत अध्ययनको शीर्षक लेखाइ सीपसँग सम्बन्धित भएकाले तथ्य सङ्लनको क्रममा प्राप्त निबन्धमा अङ्कित गरिएको प्राप्ताङ्कलाई लिङ्गगत, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृतिको आधारमा समूहगत रुपमा वर्गीकरण गर्दा तालिकाबद्ध गरियो । तथ्य विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीको मध्यमान निकालियो र प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरूमध्ये मध्यमानभन्दा तल कति प्रतिशत विद्यार्थीहरू छन् र कति प्रतिशत विद्यार्थी उक्त मध्यमानभन्दा माथि छन् भनेर गणना गरियो । माथि उल्लेखित विभिन्न समूहको क्षमता मापन गर्न पनि त्यही प्रक्रिया अँगालियो । समग्र तथा समूहगत रूपमा मानक विचलन निकाली तथ्य विश्लेषणमा थप सरलता ल्याउने प्रयत्न गरिएको छ । त्यसरी नै प्राप्ताङ्कका आधारमा उच्चतम स्थान, मध्यम स्थान तथा न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरियो । यसका साथै समग्र मध्यमानकै आधारमा विभिन्न चलहरूका बीच निबन्धलेखन क्षमताको स्थिति अवलोकन गरियो ।

अध्ययनमा समाविष्ट विभिन्न चलहरूको समूहगत मध्यमान, मानक विचलन तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गरियो । संस्थागत, भाषागत, लिङ्गगत, भौगोलिक समूहहरूमा निबन्धलेखन क्षमताको परीक्षण गर्न 'Z' test (जेड परीक्षण) को प्रयोग गरियो । प्रस्तुत अध्ययनमा उपयोगमा ल्याइएका साङ्ख्यिकी सूत्रहरू निम्नानुसार रहेका छन् :

क)

$$\text{Z Observed} = \frac{\bar{x}_e \, Z \, \bar{x}_c}{\sqrt{\frac{\pm_e^2}{n_1} \Gamma \frac{\pm_c^2}{n_2}}}$$

यँहा $Z$ X $Z$ मान

$\bar{x}_e$ X पहिलो समूहको मध्यमान

$\bar{x}_c$ Xदोस्रो समूहको मध्यमान

$\pm_e$ Xपहिलो समूहको मानक विचलन

$\pm_c$ Xदोस्रो समूहको मानक विचलन

$n_1$ Xपहिलो समूहको जम्मा सङ्ख्या

$n_2$ Xदोस्रो समूहको जम्मा सङ्ख्या

साङ्ख्यिकीका पुस्तकमा दिइने तालिकाहरूका आधारमा critical values of Z तालिकामा Z को मान ०.०५ सार्थकताको तहमा १.९६ (Z = ± 1.96 at 5% level of significance) ठहराइयो र सोही आधारमा निष्कर्ष निकालियो ।

ख) मध्यमान (Mean) गणना गर्न प्रयोगमा आएको सूत्र

$$X \ X \frac{x}{N}$$

यहाँ, $\bar{X}$ = मध्यमान

$x$ = x हरूको कुल योग

N = जम्मा सङ्ख्या

'x' ले तथ्याङ्कलाई जनाउने छ ।

ग) मानक विचलन (Standard Deviation)

गणना गर्न प्रयोगमा आएको सूत्र

$$\pm \ X \sqrt{\frac{fx^2 \ Z( \quad fx)^2 N}{N}}$$

यहाँ, ∃= मानक विचलन

f = बारम्बारता

x = तथ्याङ्क

N = बारम्बारताको योग

= सिग्मा (योगफल भन्ने अर्थ लाग्छ)

घ) प्रतिशताङ्क (Percentage) गणना गर्न उपयोगमा आएको सूत्र

$$P\ X\frac{R}{T}\,|100$$

यहाँ, P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

T = कुल विद्यार्थी सङ्ख्या

# परिच्छेद - चार

# व्याख्या र विश्लेषण

प्रस्तुत शोध अध्ययनबाट कञ्चनपुर जिल्लाका उच्च मा.वि. (कक्षा ११ र १२) तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्ने उद्देश्य राखिएको छ । परिच्छेद तीनमा प्रस्तुत गरिएको अध्ययन विधिद्वारा यहाँ शोधकर्ताद्वारा कञ्चनपुर जिल्ला भित्रका ६ विद्यालयका ६० जना विद्यार्थीहरूबाट अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

प्राप्त तथ्यलाई साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिकोणले व्यवस्थित गरियो । व्याख्या तथा विश्लेषणद्वारा पूर्णतः वस्तुगत रूप दिन प्रतिशत गणना, मध्यमान, मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विश्लेषित रूपलाई अगाडि सारिएको छ । प्रस्तुत शोध कार्यमा विश्लेषणका लागि प्रयोगमा ल्याइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणका साथै चलहरूको विश्लेषित स्वरूप निम्नानुसार उल्लेख गरिएको छ ।

## ४.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.१.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३५% भन्दा कम | | ३५% देखि ४४% सम्म | | ४५% देखि ५९% सम्म | | ६०% देखि ७४% सम्म | | ७५% वा सोभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ५ | ८.३ | ६ | १० | ९ | १५ | ३७ | ६१.७ | ३ | ५ |

उपर्युक्त तालिकाअनुसार कञ्चनपुर जिल्लाका उ.मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि सङ्ख्याका रूपमा छनोट गरिएका कुल सङ्ख्या ६० जनालाई उनीहरुको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच समूहमा विभाजन गरिएको छ । जसअनुसार ३५% भन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८.३% देखिन्छ । ३५% भन्दा माथि र ४५% भन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १०% देखिन्छ । ४५% भन्दा माथि र ६०% भन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या १५% देखिन्छन् । ६०% भन्दा माथि र ७५% भन्दा कम

निबन्ध लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ६१.७% रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा उच्चतम श्रेणीका रूपमा मापन गरिएको ७५% वा सो भन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ५% मात्र रहेको देखिन्छ ।

न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ३५ प्रतिशत भन्दाकम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ८.३ प्रतिशत र उच्चतम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ५प्रतिशत रहेको देखिन्छ । उपर्युक्त तथ्याङ्क अनुसार ३५ प्रतिशत भन्दामाथि र ४५ प्रतिशत भन्दाकम प्राप्ताङ्क ल्याउन सफल विद्यार्थीको सङ्ख्या ६ (१० प्रतिशत) रहेको देखिन्छ । यो सङ्ख्या भनेको तृतीय श्रेणीमा उत्तीर्ण हुने विद्यार्थीको सङ्ख्या हो । ४५ प्रतिशत भन्दामाथि र ६० प्रतिशत भन्दाकम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या (९ जना) १५ प्रतिशत रहेको देखिन्छ । माथिको तथ्याङ्क अनुसार ६० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउन सफल विद्यार्थीहरूको सङ्ख्या अन्य प्रतिशताङ्क वर्गहरूको भन्दा बढी अर्थात् ६१.७ प्रतिशत रहेको देखिन्छ । विशिष्ट श्रेणीको (७५ प्रतिशत भन्दा माथि) अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ प्रतिशत रहन आएको देखिन्छ ।

यस तथ्यलाई हेर्दा केवल ८.३ प्रतिशत विद्यार्थीहरूलाई निबन्धलेखन सीपको राम्रो ज्ञान नरहेको देखिन्छ । अर्थात् ८.३ प्रतिशत विद्यार्थीहरू मात्र अनुत्तीर्ण हुनु र ९१.७ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण भएको अवस्था तथ्यले देखाउँदछ । उत्तीर्ण भएका विद्यार्थीहरूमा पनि प्रथम श्रेणीमा उत्तीर्ण विद्यार्थीहरूको सङ्ख्या बढी देखिएकोले कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक (राम्रो) मान्नुपर्ने हुन्छ ।

### ४.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

| कुलसङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ५.९ | १.६३ | २० | ३३.३ | ४० | ६६.७ |

उपर्युक्त तालिका अनुसार मध्यमान ५.९ देखिएको छ । मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता रहेका विद्यार्थीको सङ्ख्या ६६.७ प्रतिशत रहेको पाइन्छ । मध्यमानभन्दा

तल रहेका विद्यार्थीहरूको संख्या ३३.३ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा तल र माथि दुबै सङ्ख्या बीचको अन्तरलाई हेर्दा ३३.४ प्रतिशत रहेको छ । मध्यमानभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्याभन्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता रहेका विद्यार्थीहरूको सङ्ख्याको अन्तर ३३.४ प्रतिशत बढी देखिएकाले कञ्चनपुर जिल्लाको उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रै देखिन्छ ।

मानक विचलनले तथ्याङ्कका वितरणको एकरूपताको मात्रा निर्धारण गर्दछ । भिन्नता जति सानो हुन्छ, त्यति नै तथ्याङ्कहरूमा एकरूपताको मात्रा अधिक हुन्छ (खनाल २०६१:१८६) ।

मानक विचलनको आधारमा हेर्दा मानक विचलन १.६३ रहनाले कञ्चनपुर जिल्लाको उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरूपता नभएको पाइएको छ । यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता विद्यार्थीहरूमा बढी देखिए तापनि मानक विचलनका आधारमा क्षमतागत एकरूपता नपाइए पनि समग्र विद्यार्थीहरूमा निबन्धलेखन क्षमता सन्तोषजनक नै छ भनेर भन्न सकिन्छ ।

## ४.२ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.२.१ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :

| कुल सङ्ख्या | ३५% भन्दा कम | | ३५% देखि ४४% सम्म | | ४५% देखि ५९% सम्म | | ६०% देखि ७४% सम्म | | ७५% वा सोभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ३ | ७.५ | १ | २.५ | ४ | १० | २९ | ७२.५ | ३ | ७.५ |

माथिको तालिकामा कञ्चनपुर जिल्लाको उच्च मा.वि. तहमा अध्ययनरत सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता प्रतिशताङ्क देखाइएको छ । जसमा नमुना प्रतिनिधि जनसङ्ख्या ४० जना विद्यार्थी चयन गरिएका छन् । उपर्युक्त तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरिएका छन् । जसअनुसार प्रस्तुत अध्ययनमा तल्लो श्रेणीका रूपमा निर्धारण गरिएको ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ७.५ प्रतिशत मात्र देखिन्छ । ३५ देखि ४४ प्रतिशतको बीचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २.५ प्रतिशत देखिन्छ । त्यसैगरी ४५ देखि ५९ प्रतिशत बीचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १०

प्रतिशत रहेको देखिन्छ । ६० प्रतिशतदेखि ७४ प्रतिशतको बीचमा प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ७२.५ प्रतिशत देखिन्छ । प्रस्तुत अध्ययनमा उच्च श्रेणी मापन गरिएको ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ७.५ प्रतिशत रहेको देखिएकोले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको मान्न सकिन्छ ।

प्रस्तुत अध्ययनको ६० प्रतिशत र सोभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीलाई उत्कृष्ट श्रेणीमा वर्गीकृत गर्दा ८० प्रतिशत विद्यार्थीहरू देखिन्छन् । ३५ प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १२.५ मात्र देखिन्छ । यसरी समग्र सङ्ख्या र प्रतिशतलाई हेर्दा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

### ४.२.२ मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ६.४३ | १.४ | १९ | ४७.५ | २१ | ५२.५ |

उपर्युक्त तालिका अनुसार मध्यमान ६.४३ छ । प्रतिनिधि नमुनाको जम्मा जनसङ्ख्या ४० थियो । मध्यमानलाई आधार मानी प्राप्ताङ्कलाई हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ४७.५ प्रतिशत र मध्यमानभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थी ५३.५ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्याभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या ५ प्रतिशत बढी रहेको देखिनुले सरकारी विद्यालयका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ । मानक विचलन १.४ रहनुले सरकारी विद्यालयमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरूपता नभएको देखिए पनि मध्यमान ६.४३ हुनु आफैँमा राम्रो हो । यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषपूर्ण देखिएकाले सरकारी विद्यालयका समग्र विद्यार्थीहरूमा निबन्धलेखन क्षमता

राम्रो भएको देखिन्छ । मध्यमानभन्दा बढी र कम अङ्क प्राप्त गर्नेको प्रतिशत र मानक विचलनको मान हेर्दा सरकारी विद्यालयमा अध्ययन गर्नेको निबन्धलेखन क्षमता सन्तोषजनक देखिन्छ ।

## ४.३ निजी विद्यालयका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

### ४.३.१ निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ प्रतिशतदेखि ४४ प्रतिशतसम्म | | ४५ प्रतिशतदेखि ५९ प्रतिशतसम्म | | ६० प्रतिशतदेखि ७४ प्रतिशतसम्म | | ७५ प्रतिशत वा सोभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | २ | १० | ५ | २५ | ५ | २५ | ८ | ४० | ० | ० |

प्रस्तुत तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी निबन्धलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न निजी विद्यालयका विद्यार्थीहरूबाट नमुना प्रतिनिधि जनसङ्ख्याका रूपमा २० जना विद्यार्थीहरूलाई चयन गरिएको छ । प्रस्तुत अध्ययनमा ३५ प्रतिशतभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने देखि लिएर ७५ प्रतिशत वा सोभन्दा बढी निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूलाई प्रतिशताङ्क श्रेणीमा निर्धारण गरिएको छ । प्रस्तुत तालिकामा ३५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या (२ जना) १० प्रतिशत देखिन्छ । ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २५ प्रतिशत देखाइएको छ । ४५ प्रतिशत देखि ५९ प्रतिशत सम्म प्राप्ताङ्क ल्याउने गरी निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या पनि २५ प्रतिशत देखिन्छ । ६० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा तल निबन्धलेखन भएका विद्यार्थी सङ्ख्या ४० प्रतिशत देखिन्छ भने ७५ प्रतिशत सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या शून्य रहेको छ । ५० प्रतिशतभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्यालाई हेर्दा ६० प्रतिशत देखिन्छ । यसरी हेर्दा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक छैन भनेर भन्न सकिन्छ ।

#### ४.३.२ मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २० | ५.१७ | १.६ | ९ | ४५ | ११ | ५५ |

उपर्युक्त तालिका अनुसार निजी विद्यालयका २० जना विद्याथीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको देखिन्छ । त्यसमध्ये ५५ प्रतिशत विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमानभन्दा तल  रहेको छ भने ४५ प्रतिशत विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमानभन्दा माथि  रहेको देखिन्छ । मध्यमानभन्दा तल र माथि रहेको विद्यार्थीहरूको सङ्ख्याको अन्तर १० प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्यालाई सन्तोषजनक श्रेणीमा राख्दा सन्तोषजनक अवस्था देखिदैन । ५० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० जना (५० प्रतिशत) रहेको छ । तर मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या कम हुनुले निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक छैन भन्न सकिन्छ । जबकि निजी विद्यालयका विद्यार्थीहरूको अध्ययन अध्यापनको पक्षमा व्यक्तिगत एवम् संस्थागत उच्च सतर्कता अपनाइएको हुन्छ । त्यसो भएकाले उनीहरुको निबन्धलेखन क्षमता  निराशाजनक रहेको मान्न सकिन्छ ।  मानक विचलन १.६ देखिनुले विद्यार्थीहरूमा क्षमतागत एकरूपता नरहेको देखिन्छ ।

### ४.४ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

#### ४.४.१ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ प्रतिशतदेखि ४४ प्रतिशतसम्म | | ४५ प्रतिशतदेखि ५९ प्रतिशतसम्म | | ६० प्रतिशतदेखि ७४ प्रतिशतसम्म | | ७५ प्रतिशत वा सोभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४६ | ३ | ६.५२ | ६ | १३ | ८ | १७.३९ | २७ | ५८.६९ | २ | ४.३४ |

उपर्युक्त तालिकामा जम्मा नमुना विद्यार्थी सङ्ख्या ६० मध्येबाट ४६ जना नेपाली मातृभाषी विद्यार्थीहरू देखाइएका छन् । उक्त तालिकाअनुसार ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ६.५२ प्रतिशत रहेको देखिन्छ । ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या १३ प्रतिशत रहेको देखिन्छ । ४५ प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १७.३९ प्रतिशत तथा ६० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५८.६९ प्रतिशत रहेको देखिन्छ । उच्चतम श्रेणी निर्धारण गरिएको ७५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४.३४ प्रतिशत रहेको देखिन्छ । यसरी समग्रमा हेर्दा नेपाली मातृभाषी भएका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक छ भन्न सकिन्छ । ५० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी हेर्दा समग्र प्रतिशतमा ५० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या (३५ जना) ७६.०८ प्रतिशत र ५० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २३.९१ प्रतिशत मात्र रहेको देखिन्छ ।

यसरी कञ्चनपुर जिल्लाको उच्च मा.वि. तहमा अध्ययनरत नेपाली मातृभाषी भएका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो छ भन्न सकिन्छ ।

### ४.४.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४६ | ५.७९ | २.४ | ३२ | ६९.५६ | १४ | ३०.४३ |

माथिको तालिकामा के देखिन्छ भने जम्मा प्रतिनिधि नमुना जनसङ्ख्या ४६ मध्ये मध्यमानभन्दा माथि ६९.५६ प्रतिशत विद्यार्थीहरू र मध्यमानभन्दा तल ३०.४३ प्रतिशत विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई मापन गरिएको छ । जहाँ मध्यमान ५.७९ रहेको छ । मध्यमानलाई आधार मानेर मध्यमानभन्दा माथिका विद्यार्थीहरूलाई सन्तोषजनक र

मध्यमानभन्दा तलका विद्यार्थीहरूलाई निराशाजनक श्रेणीमा वर्गीकृत गरी माथिको तालिकाको अध्ययन गर्दा सन्तोषजनक नतिजा रहेको देखिन्छ ।

नेपाली मातृभाषी भएका छात्र - छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्क मध्यमानभन्दा धेरै टाढासम्म पनि रहेको देखिन्छ । तालिकाको अध्ययन गर्दा मानक विचलन २.४ रहनुले नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरूपता नरहेको स्पष्ट हुन्छ ।

नेपाली मातृभाषी भएका विद्यार्थीहरू समेत स्वतन्त्र लेखनकला क्षमता सक्षम देखिँदैनन् । नेपाली भाषा शिक्षणमा प्रयोगमा आएका साहित्यिक विद्यार्थीहरूको आ-आफ्नै लेखनकलासम्बन्धी नियमहरू रहेका हुन्छन् । विद्यार्थीहरूमा लेखनकलासम्बन्धी धारणात्मक विकास भए तापनि प्रक्रिया, प्रस्तुति, विश्लेषणात्मक ज्ञानको कमी रहेको देखिन्छ । त्यसकारण केही विद्यार्थीहरूमा निबन्धलेखन क्षमता राम्रो देखिए पनि समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषप्रद देखिँदैन ।

### **४.५ नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :**

#### **४.५.१ नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :**

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ प्रतिशतदेखि ४५ प्रतिशतसम्म | | ४५ प्रतिशतदेखि ६० प्रतिशतसम्म | | ६० प्रतिशतदेखि ७५ प्रतिशतसम्म | | ७५ प्रतिशत वा सोभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४ | २ | १४.२८ | ० | ० | १ | ७.१४ | १० | ७१.४२ | १ | ७.१४ |

प्रस्तुत तालिका अनुसार पाँच श्रेणी निर्धारण गरी निबन्धलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न नेपाली विमातृभाषी विद्यार्थीहरू मध्येबाट नमुना प्रतिनिधि जनसंख्याको रूपमा १४ जना विद्यार्थीहरूलाई चयन गरेको देखिन्छ । तालिकाको अध्ययन गर्दा ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १४.२८ प्रतिशत रहेको छ । ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या छैन । ४५ प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या

७.१४ प्रतिशत रहेको छ । ६० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या सबैभन्दा बढी ७१.४२ प्रतिशत रहेको छ । ७५ प्रतिशत र सोभन्दा बढी निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७.१४ प्रतिशत रहेको छ ।

यस तालिकालाई अध्ययन गर्दा ६० प्रतिशत र सोभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७८.५६ प्रतिशत रहेको छ । यसरी हेर्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको लेखन क्षमता राम्रो देखिन्छ ।

नमुना छनोटमा परेका विद्यार्थीहरूमध्ये कञ्चनपुर जिल्लामा नेपाली मातृभाषी भएका विद्यार्थीहरूको बढी प्रभाव परेको र नेपाली विमातृभाषीहरूको सङ्ख्या कम भएको, नेपाली विमातृभाषीहरूको औपचारिक भाषा पनि नेपाली नै हुने भएकाले नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा खासै अन्तर नभएको हो भन्न सकिन्छ । नेपाली विमातृभाषीहरू प्रारम्भिक अवस्थामा नेपाली भाषामा कम दक्ष हुने भए पनि उच्च तहमा पुगिसकेकाले उनीहरूलाई नेपाली भाषाको लेखाइमा कुनै कठिनाइ नपरेको देखिन्छ । प्रस्तुत अध्ययनमा कञ्चनपुर जिल्लाका प्रतिनिधि विद्यालयहरूमा नेपाली विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या कम हुँदा यहाँ नेपाली विमातृभाषी विद्यार्थीहरूको नमुना छनोटमा कम परे पनि उनीहरूको निबन्ध लेखन क्षमता कमजोर नरहेको देखिन्छ । अधिकांश विद्यार्थीहरूको प्राप्ताङ्क ६० प्रतिशतभन्दा बढी देखिएकाले निबन्ध लेखनसम्बन्धी दक्षता राम्रो रहेको भन्न सकिन्छ ।

### ४.५.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४ | ६.२ | १.४५ | १० | ७१.४२ | ४ | २८.५७ |

प्रस्तुत तालिकालाई हेर्दा मध्यमान ६.२ देखिन्छ । मध्यमानभन्दा माथि ७१.४२ प्रतिशत र मध्यमानभन्दा तल २८.५७ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानलाई केन्द्रविन्दु मानी मध्यमानभन्दा माथिको नतिजालाई सन्तोषजनक र मध्यमानभन्दा तलको नतिजालाई

निराशाजनक रुपमा लिइएको छ । यस आधारमा हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या बढी देखिएकाले नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै मान्न सकिन्छ । तालिका अनुसार मानक विचलन १.४५ देखिएकाले विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा चाहिँ एकरूपता देखिँदैन ।

### ४.६ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

### ४.६.१ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :

| कुल सङ्ख्या (सरकारी+निजी) | प्रतिशताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३५ (२४ + ११) | ३५% भन्दा कम | सरकारी | २ | ५.७१ | ४ | ११.४२ |
| | | निजी | २ | ५.७१ | | |
| | ३५% भन्दा माथि र ४५% भन्दा तल | सरकारी | ० | ० | २ | ५.७१ |
| | | निजी | २ | ५.७१ | | |
| | ४५%-६०% सम्म | सरकारी | ३ | ८.५७ | ६ | १७.१४ |
| | | निजी | ३ | ८.५७ | | |
| | ६०%-७५% सम्म | सरकारी | १८ | ५१.४२ | २२ | ६२.८५ |
| | | निजी | ४ | ११.४२ | | |
| | ७५% वा सो भन्दा बढी | सरकारी | १ | २.८५ | १ | २.८५ |
| | | निजी | ० | ० | | |

उपर्युक्त तालिका अनुसार पाँच श्रेणीका निर्धारण गरी समग्र विद्यार्थीमध्येबाट छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्न प्रतिनिधि नमुना जनसङ्ख्या रूपमा ३५ जना छात्राहरूलाई चयन गरिएको छ । ती मध्ये सरकारी विद्यालयबाट २४ जना र निजी विद्यालयबाट ११ जना छात्राहरूको प्रतिनिधित्व गराइएको छ । प्रस्तुत अध्ययनमा क्षमता मापनको निर्धारण गरिएका प्रतिशताङ्क मापनका आधारहरूमध्ये ३५% भन्दा कम निबन्धलेखन क्षमता भएका छात्राहरूको सङ्ख्या ११.४२% रहेको छ । जसमा सरकारी र निजी विद्यालयका

विद्यार्थीहरूको सङ्ख्या बराबर अर्थात् ५.७१/५.७१ रहेको देखिन्छ । ३५ प्रतिशतभन्दा बढी र ४५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका छात्राहरूको सङ्ख्या ५.७१ प्रतिशत रहेको छ । जसमा सरकारी विद्यालयका छात्राहरूको सङ्ख्या देखिँदैन । ४५ प्रतिशतभन्दा माथि ६० प्रतिशतभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १७.१४ प्रतिशत रहेको छ । यस श्रेणीमा सरकारी र निजी विद्यालयका छात्राहरूको सङ्ख्या समान हुनुले यस श्रेणीमा परेका छात्राहरूको निबन्धलेखन क्षमताको संस्थागत रूपले पृथकता पाउन सकिँदैन ।

६० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका सरकारी विद्यालय तर्फका छात्राहरूको सङ्ख्या ५१.४२ र निजी विद्यालय तर्फका छात्राहरूको सङ्ख्या ११.४२ प्रतिशत देखिन्छ । यसरी हेर्दा यो श्रेणीमा निजी विद्यालयका छात्राहरूभन्दा सरकारी विद्यालय तर्फका छात्राहरूको सङ्ख्या बढी देखिनुले निजी विद्यालयभन्दा सरकारी विद्यालयका छात्राहरूको  क्षमता सकारात्मक रहेको देखिन्छ । निर्धारित अन्य श्रेणीभन्दा यसै श्रेणीमा समग्र प्रतिशतको सबैभन्दा बढी अर्थात् ६२.८५ प्रतिशत छात्राहरूको निबन्धलेखन क्षमताको मापन भएको देखिन्छ । यसरी ६२.८५ प्रतिशत छात्राहरू यस श्रेणीमा देखिनुले छात्राहरूको निबन्धलेखन क्षमताको स्थिति राम्रो छ भनी भन्न सकिन्छ ।

७५ प्रतिशत वा सोभन्दा माथि निबन्धलेखन क्षमता भएका छात्राहरूको सङ्ख्या २.८५ प्रतिशत रहेको छ । जसमा निजी विद्यालयका छात्राहरूको उपस्थिति देखिँदैन । यसरी हेर्दा यो उच्च श्रेणीमा निजी विद्यालयका छात्राहरूको भन्दा सरकारी विद्यालयमा अध्ययनरत छात्राहरूको निबन्धलेखन क्षमता अग्रता रहेको स्पष्ट भएको छ । समग्रमा कञ्चनपुर जिल्लाको उच्च मा.वि. तहमा अध्ययरत छात्राहरूको निबन्धलेखन क्षमता राम्रो मान्न सकिन्छ । सरकारी र निजी विद्यालयका छात्राहरूको तुलना गर्दा निजी विद्यालयका छात्राहरूको भन्दा सरकारी विद्यालयमा अध्ययनरत छात्राहरूको निबन्धलेखन क्षमता उच्च रहेको प्रमाणित हुन्छ ।

**४.६.२ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको निबन्धलेखन क्षमताको स्थिति :**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३५ | ५.८७ | १.५८ | २३ | ६५.७१ | १२ | ३४.२८ |

प्रस्तुत तालिकालाई हेर्दा मध्यमान ५.८७ देखिन्छ । मध्यमानभन्दा माथि ६५.७१ प्रतिशत विद्यार्थीहरू देखिन्छन् भने मध्यमान तल ३४.२८ प्रतिशत विद्यार्थीहरू देखिन्छन् । मध्यमानको अङ्क ५० प्रतिशतभन्दा बढी रहनु र मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या पनि बढी रहेकाले छात्राहरूको निबन्धलेखनको क्षमता सन्तोषजनक मान्न सकिन्छ । मानक विचलन १.५८ रहेकाले कञ्चनपुर जिल्लाको उच्च मा.वि. तहमा अध्ययनरत छात्राहरूको निबन्धलेखन क्षमतामा एकरूपता छैन भनेर भन्न सकिन्छ ।

**४.७ छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :**

**४.७.१ समग्र विद्यार्थीहरूमध्येबाट छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :**

| कुल सङ्ख्या (सरकारी+निजी) | प्रतिशताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| २५ (१६ + ९) | ३५% भन्दा कम | सरकारी | १ | ४ | १ | ४ |
| | | निजी | ० | ० | | |
| | ३५%-४५% भन्दा कम | सरकारी | १ | ४ | ४ | १६ |
| | | निजी | ३ | १२ | | |
| | ४५%-६०% भन्दा तल | सरकारी | १ | ४ | ३ | १२ |
| | | निजी | २ | ८ | | |
| | ६०%-७५% भन्दा तल | सरकारी | ११ | ४४ | १५ | ६० |
| | | निजी | ४ | १६ | | |
| | ७५% वा सोभन्दा बढी | सरकारी | २ | ८ | २ | ८ |
| | | निजी | ० | ० | | |

प्रस्तुत तालिकामा २५ जना छात्रहरूलाई प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा चयन गरी उनीहरूको क्षमतालाई पाँच श्रेणीमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । ३५ प्रतिशतभन्दा कम प्रतिशताङ्क निबन्धलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या ४ प्रतिशत देखिन्छ । जसमा सरकारी विद्यालयका विद्यार्थीहरूको मात्र प्रतिनिधित्व रहेको छ । ३५ प्रतिशतभन्दा माथि ४५

प्रतिशतभन्दा तल आफ्नो निबन्धगत क्षमतालाई मापन गराउन सफल छात्रहरूको सङ्ख्या १६ प्रतिशत रहेको छ । यस श्रेणीमा सरकारीभन्दा निजी विद्यालयका छात्रहरूको संख्या बढी देखिन्छ । यस श्रेणीमा सरकारी विद्यालयका ४ र निजी विद्यालयका १२ प्रतिशत छात्रहरू देखिन्छन् । ४५ प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल आफ्नो निबन्धलेखन क्षमताको अङ्कन गराउने छात्रहरूको सङ्ख्या ४ प्रतिशत बढी देखिन्छ । ६० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या ६० प्रतिशत देखिन्छ । जसमा सरकारी विद्यालयका छात्रहरूको सङ्ख्या ४४ प्रतिशत देखिन्छ भने निजी विद्यालयका छात्रहरूको सङ्ख्या १६ प्रतिशत देखिन्छ । यसै आधारमा छात्रहरूको निबन्धगत क्षमता हेर्दा समग्र प्रतिशतको श्रेणीबद्ध प्रतिशताङ्कको आधारमा यसै श्रेणीमा सबैभन्दा बढी अर्थात् ६० प्रतिशत छात्रहरूको क्षमता मापन हुनुले छात्रहरूमा निबन्धलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ । ७५ प्रतिशत वा सोभन्दा माथि निबन्धलेखन क्षमता भएका छात्रहरूको सङ्ख्या ८ प्रतिशत देखिन्छ । जसमा निजी विद्यालयका छात्रहरूको उपस्थिति चाहिँ देखिँदैन । यस श्रेणीमा सबै छात्रहरू सरकारी विद्यालयका हुनुले निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका छात्रहरूको निबन्धलेखन क्षमता माथि रहेको तथ्य प्रमाणित हुन्छ । प्रस्तुत तालिका अनुसार ६८ प्रतिशत छात्रहरूले ६० प्रतिशतभन्दा माथि प्राप्ताङ्क प्राप्त गर्नुले नतिजालाई सन्तोषजनक मान्न सकिन्छ ।

सरकारी र निजी विद्यालयमा अध्ययनरत छात्रहरूको तुलनात्मक स्थितिलाई हेर्दा ६० प्रतिशत वा सोभन्दा माथि प्राप्ताङ्क प्राप्त गर्ने सरकारी विद्यालयका छात्रहरूको सङ्ख्या ५२ प्रतिशत देखिन्छ भने निजी विद्यालयको तुलनामा सरकरी विद्यालयमा अध्ययनरत छात्रहरूको सङ्ख्या चाहिँ १७ प्रतिशत मात्र देखिन्छ । यसरी निजी विद्यालयको तुलनामा सरकारी विद्यालयमा अध्ययनरत छात्रहरूको निबन्धलेखन क्षमता उच्च रहेको भन्न सकिन्छ ।

### ४.७.२ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २५ | ५.९१ | ३.२ | १७ | ६८ | ८ | ३२ |

प्रस्तुत तालिकामा मध्यमान ५.९१ र मानक विचलन ३.२ देखाइएको छ । प्रतिनिधि नमुनाको जम्मा सङ्ख्या २५ रहेको पाइन्छ । माथिको तालिकामा मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ६८ प्रतिशत रहेको देखिन्छ भने मध्यमानभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या चाहिँ ३२ प्रतिशत देखिन्छ । यस आधारमा कञ्चनपुर जिल्लाको उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो मान्न सकिन्छ । प्रस्तुत तालिकामा मानक विचलन ३.२ रहनुले छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा ठूलो भिन्नता देखिन्छ । यसरी मध्यमानको आधारमा छात्रहरूको निबन्धलेखन क्षमता सन्तोषजनक देखिन्छ । मानक विचलनका आधारमा क्षमतागत एकरूपता नपाइए पनि कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत छात्रहरूको निबन्धलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ४.८ ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

### ४.८.१ ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ प्रतिशतदेखि ४४ प्रतिशतसम्म | | ४५ प्रतिशतदेखि ५९ प्रतिशतसम्म | | ६० प्रतिशतदेखि ७४ प्रतिशतसम्म | | ७५ प्रतिशत वा सोभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ३ | १० | १ | ३.३३ | ३ | १० | २३ | ७६.६६ | ० | ० |

प्रस्तुत तालिकाअनुसार पाँच श्रेणी निर्धारण गरी ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखनको प्रतिशताङ्क निर्धारण गर्न ग्रामीण विद्यालयका नमुना प्रतिनिधि जनसङ्ख्याका रूपमा ३० जना विद्यार्थीहरूलाई चयन गरिएको देखिन्छ । प्रस्तुत तालिकाअनुसार ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत रहेको देखिन्छ । ३५ प्रतिशतभन्दा माथि ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या केवल ३.३३ प्रतिशत मात्र देखिन्छ । ४५ प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत देखिन्छ । ६० प्रतिशतभन्दा माथि ७५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या श्रेणीगत आधारमा सबभन्दा बढी ७६.६६ प्रतिशत रहेको पाइन्छ । ७५ प्रतिशत वा सोभन्दा बढी

निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या देखिँदैन । ६० प्रतिशतलाई आधार मान्दा सो प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका सङ्ख्या अत्यधिक देखिनुले ग्रामीण भेगका विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो मान्न सकिन्छ । ग्रामीण तहका विद्यार्थीहरूको प्रारम्भिक तहदेखि नै शिक्षाको माध्यम नेपाली भाषा हुनुले लेखनक्षमता राम्रो देखिन्छ ।

**४.८.२ मध्यमान र मानक विचलनका आधारमा ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५.९२ | १.४२ | २३ | ७६.६६ | ७ | २३.३३ |

माथिको तालिकामा जम्मा प्रतिनिधि नमुना जनसङ्ख्या ३० जनामध्ये ग्रामीण विद्यालयका ७६.६६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेको देखाइएको भने मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या चाहिँ २३.३३ प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा माथिको नतिजालाई सन्तोषजनक र तलको नतिजालाई निराशाजनक रुपमा वर्गीकरण गरी प्रस्तुत तालिकाको अध्ययन गर्दा उत्कृष्ट स्थिति देखिन्छ । समग्र विद्यार्थीहरूमध्ये ७६.६६ प्रतिशत विद्यार्थीहरूले मध्यमानभन्दा माथि आफ्नो निबन्धलेखन क्षमताको मापन गराउन सफल भएको तथ्यले यस कुराको पुष्टि गर्दछ । मानक विचलन १.४२ देखिनुले भने ग्रामीण क्षेत्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरूपता देखिँदैन ।

### ४.९ सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

### ४.९.१ सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति :

| कुल विद्यार्थी सङ्ख्या | ३५ प्रतिशतभन्दा कम | | ३५ प्रतिशतदेखि ४५ प्रतिशतभन्दा कम | | ४५ प्रतिशतदेखि ६० प्रतिशतभन्दा कम | | ६० प्रतिशतदेखि ७५ प्रतिशतभन्दा कम | | ७५ प्रतिशत वा सोभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | २ | ६.६६ | ५ | १६.६६ | ६ | २० | १४ | ४६.६६ | ३ | १० |

उपर्युक्त तालिका अनुसार सहरी विद्यालयका ३० जना विद्यार्थीहरूमध्ये ६.६६ प्रतिशत विद्यार्थीहरू ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता हुने समूहमा परेका छन् । ३५ प्रतिशतभन्दा माथि ४५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १६.६६ प्रतिशत देखिन्छ । ४५ प्रतिशतभन्दा माथि ६० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २० प्रतिशत देखिन्छ । त्यसैगरी ६० प्रतिशत भन्दामाथि र ७५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या सबैभन्दा बढी ४६.६६ प्रतिशत देखिन्छ । ७५ प्रतिशतभन्दा माथि निबन्धलेखन माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत देखिन्छ ।

यसरी अधिकांश (बढी) विद्यार्थीहरूको सङ्ख्या ६० वा सोभन्दा बढी प्रतिशत प्राप्ताङ्क प्राप्त गर्ने समूहमा परेकाले सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक छ भनी भन्न सकिन्छ ।

### ४.९.२ मध्यमान र मानक विचलनका आधारमा सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति :

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५.८५ | १.९ | १७ | ५६.६६ | १३ | ४३.३३ |

उपर्युक्त तालिकामा देखाइएअनुसार कुल ३० जना प्रतिनिधि नमुना जनसङ्ख्या रहेको सहरी विद्यालयका विद्यार्थीहरूको मध्यमान ५.८५ रहेको छ । मध्यमानभन्दा माथि ५६.६६ प्रतिशत र मध्यमानभन्दा तल ४३.३३ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानलाई आधार मान्दा ५६.६६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि देखिएकाले नतिजालाई राम्रो मान्न सकिन्छ । प्रतिशताङ्क आधारमा समग्र सहरी क्षेत्रका विद्यार्थीहरूको नतिजा सन्तोषजनक देखिनु साथै मध्यमानलाई आधार मान्दा पनि निबन्धलेखन क्षमता सन्तोषप्रद पाइनुले विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई राम्रै मान्न सकिन्छ । समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा चाहिँ एकरूपता देखिँदैन । जुन कुरा मानक विचलन १.९ हुनु र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्राप्ताङ्क मध्यमानभन्दा धेरै टाढासम्म छरिएको देखिनुले यस कुराको पुष्टि गर्दछ ।

नमुना छनौटमा परेका सहरी क्षेत्रका धेरैजसो विद्यार्थीहरूले प्रवेशिका परीक्षा बोर्डिङ्ग स्कुलबाट उत्तीर्ण गरेका थिए । माध्यमिक तहसम्म उनीहरूको पढाइ नेपाली बाहेक अरू सबै विषयको माध्यम अङ्ग्रेजी हुने गर्दछ । माध्यमिक तहको प्रभाव उच्च माध्यमिक तहमा पनि पर्ने भएकाले उनीहरूको नेपाली भाषामा लेखनक्षमता कमजोर हुन्छ । यही कारणले सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता ग्रामीण क्षेत्रको तुलनामा केही कमजोर भएको देखिन्छ । यो कुरालाई माथिको तालिकाले पुष्टि गर्दछ ।

**४.१० समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको समूहगत स्थिति :**

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | | समूह सङ्ख्या | समग्र मध्यमान भन्दा माथि | | समग्र मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ५.९ | १.६३ | विद्यालयका प्रकृति | सरकारी | ४० | ३२ | ८० | ८ | २० |
| | | | | निजी | २० | ८ | ४० | १२ | ६० |
| | | | विद्यार्थीको लैङ्गिकता | छात्र | २५ | १७ | ६८ | ८ | ३२ |
| | | | | छात्रा | ३५ | २३ | ६५.७१ | १२ | ३४.२८ |
| | | | भाषिक पृष्ठभूमि | नेपाली मातृभाषी | ४६ | २९ | ६३.०४ | १७ | ३६.९५ |
| | | | | नेपाली विमातृभाषी | १४ | ११ | ७८.५७ | ३ | २१.४२ |
| | | | स्थानीयताको आधार | ग्रामीण | ३० | २३ | ७६.६६ | ७ | २३.३३ |
| | | | | सहरी | ३० | १७ | ५६.६६ | १३ | ४३.३३ |

प्रस्तुत तालिकामा जम्मा विद्यार्थी सङ्ख्या ६० र समग्र मध्यमान ५.९ लाई आधार मानी विभिन्न समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति देखाइएको छ । तालिकामा समग्र मानक विचलन १.६३ गणना गरिएको छ । मध्यमान र मानक विचलनको आधारमा समूहगत रूपमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउँदा निम्न तथ्यहरू फेला पर्दछन् :

कुल प्रतिनिधि सङ्ख्या ६० रहेको यस अध्ययनमा विद्यालयको प्रकृतिका दृष्टिले सरकारी र निजी तर्फका क्रमशः ४० र २० जना विद्यार्थीहरूको प्रतिनिधित्व रहेको छ ।

समग्र मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या ८० प्रतिशत देखिन्छ । २० प्रतिशत विद्यार्थीहरू समग्र मध्यमानभन्दा तल देखिन्छन् ।

मध्यमानभन्दा माथि र तलको अन्तर बढी देखिनुले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको भन्न सकिन्छ ।

निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई समग्र मध्यमानको आधारमा हेर्दा सन्तोषजनक नतिजा पाउन सकिँदैन । ४० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि देखिन्छन् । यस आधारमा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक छ भनी मान्न सकिँदैन ।

लैङ्गिक आधारमा हेर्दा ३५ जना छात्राहरू र २५ जना छात्रहरू रहेका छन । समग्र मध्यमान ५.९ लाई आधार बनाई हेर्दा ६८ प्रतिशत छात्रहरू समग्र मध्यमानभन्दा माथि र ३२ प्रतिशत विद्यार्थीहरू समग्र मध्यमानभन्दा तल देखिन्छन् । उक्त तथ्याङ्कलाई केलाउँदा मध्यमानभन्दा तलका तुलनामा माथि ३६ प्रतिशत छात्रहरूको सङ्ख्या बढी देखिन्छ । यसरी समग्र छात्रहरूको निबन्धलेखन क्षमता राम्रो रहेको भन्न सकिन्छ ।

छात्रातर्फ हेर्दा ६५.७१ प्रतिशत छात्राहरू समग्र मध्यमानभन्दा माथि र ३४.२८ प्रतिशत छात्रा मध्यमानभन्दा तल रहेको देखिन्छ । समग्र प्रतिशतको लगभग दुईतिहाइ छात्राहरूले समग्र मध्यमानभन्दा माथि निबन्धलेखन क्षमताको मापन गराउन सफल भएबाट छात्राहरूको निबन्धलेखन क्षमता सन्तोषजनक छ भन्न सकिन्छ ।

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली मातृभाषी हुने र नेपाली विमातृभाषी हुने विद्यार्थीहरूको जम्मा सङ्ख्या क्रमशः ४६ र १४ रहेको छ । समग्र मध्यमान ५.९ का आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूलाई केलाउँदा ६३.०४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि देखिएकाले नतिजा सन्तोषजनक मान्न सकिए तापनि ३६.९५ प्रतिशत विद्यार्थीहरू तल देखिनुले नेपाली मातृभाषी भएका विद्यार्थीहरूमा निबन्धलेखनमा व्याख्या र विश्लेषण गर्न सक्ने क्षमताको अभाव रहेको मान्न सकिन्छ ।

नेपाली विमातृभाषी विद्यार्थीहरू तर्फको नतिजालाई विश्लेषण गर्दा ७८.५६ प्रतिशत विद्यार्थीहरू समग्र मध्यमानभन्दा माथि र २१.४२ प्रतिशत विद्यार्थीहरू समग्र मध्यमानभन्दा तल रहेको देखिन्छ । यसरी अधिकांश विद्यार्थीहरू मध्यमानभन्दा बढी भएकाले कञ्चनपुर जिल्लाको उच्च मा.वि. तहमा अध्ययनरत नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो मान्न सकिन्छ ।

स्थानीयतालाई आधार मान्दा ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता हेर्दा समग्र मध्यमान ५.९ भन्दा माथि ७६.६६ प्रतिशत रहेको देखिन्छ भने २३.३३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिएकाले ग्रामीण विद्यालयका विद्यार्थीहरूको नतिजा अति राम्रो मान्न सकिन्छ ।

सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता हेर्दा समग्र मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या ५६.६६ प्रतिशत देखिन्छ भने ४३.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल देखिन्छन् । ७५ प्रतिशत वा सोभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सहरी क्षेत्रका हुनुले सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता अपेक्षाकृत रूपमा राम्रै देखिन्छ । सहरी क्षेत्रका विद्यालयबाट विज्ञान सङ्कायमा पढ्ने विद्यार्थीहरूलाई पनि जनसङ्ख्या नमुनामा समावेश गर्नु, केही विद्यार्थीहरूको प्रवेशिकासम्मको पढाइको माध्यम अङ्ग्रेजी हुनु जस्ता कारणले केही बढी विद्यार्थीहरू (४३.३३ प्रतिशत) समग्र मध्यमानभन्दा तल देखिएका हुन् भन्न सकिन्छ ।

### ४.११ सारांश:

प्रस्तुत अध्ययनमा कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतासम्बन्धी विश्लेषण गर्न ६० जना प्रतिनिधि जनसङ्ख्या छनोट गरियो । जसमा ४० जना सरकारी विद्यालय तर्फका र २० जना निजी विद्यालय तर्फका छात्र-छात्राहरूको प्रतिशताङ्क स्थिति र मध्यमानका आधारमा निबन्धलेखन क्षमताको व्याख्या र विश्लेषण गरियो । विश्लेषणका क्रममा विद्यार्थीहरूको प्राप्ताङ्क अङ्कलाई पाँच श्रेणीमा निर्धारण गर्दै निर्धारण गरिएका प्रतिशताङ्क श्रेणी अन्तर्गत बहुसङ्ख्यक विद्यार्थीहरू ६० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका पाइन्छन् । यसरी ६५ प्रतिशतको हाराहारीमा अधिकांश विद्यार्थीहरूको प्राप्ताङ्क रहेबाट विद्यार्थीहरूमा निबन्धलेखन सम्बन्धी धारणाको विकास भएको मान्न सकिन्छ ।

प्रस्तुत अनुसन्धान निबन्धित उत्तरपुस्तिकाहरूलाई अङ्कन गर्दा विषयवस्तुको संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धता जस्ता आधारहरू अवलम्बन गरियो । यहाँ प्रस्तुतीकरण,

विषयवस्तुको प्रस्तुतीकरणजस्ता कुराहरूलाई दृष्टिगत गर्दा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो देखियो । भाषाको माध्यमलाई हेर्दा तल्ला कक्षासम्म नेपाली विमातृभाषी भएका विद्यार्थीहरूको भाषिक कठिनाइ हुने भएपनि उच्च तहमा पुगिसकेपछि चाहिँ त्यति असर पर्दो रहेनछ भन्ने कुरा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेका कुराबाट पुष्टि हुन्छ । त्यसैगरी छात्रा समूहका विद्यार्थीभन्दा छात्र समूहका विद्यार्थीहरूमा विषय-वस्तुको ज्ञान, प्रस्तुतीकरण, वाक्य गठनको स्थिति उच्च देखिएको छ ।

समग्र रुपमा कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै देखिन्छ । निबन्धलेखन सम्बन्धी विषयवस्तुहरूको ज्ञान सन्तोषजनक देखिन्छ । विद्यार्थीहरूमा निबन्धलेखन सम्बन्धी धारणाको विकास भएको देखिन्छ ।

# परिच्छेद - पाँच

# तुलनात्मक विश्लेषण

## ५.१ विभिन्न समूहहरूमा निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति :

प्रस्तुत अध्ययनका उच्च माध्यमिक विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्ने उद्देश्य राखिएको छ । परिच्छेद चारमा प्रस्तुत गरिएको व्याख्या विश्लेषणलाई आधार मानेर यहाँ शोधकर्ताद्वारा शोधनिर्देशनको परामर्शमा विभिन्न चलहरुका बीच तुलनात्मक विश्लेषण गरिएको छ । विभिन्न समूह, वर्गबाट लिइएको तथ्याङ्कका आधारमा सोही समूहबीच निबन्धलेखन क्षमता के-कति भिन्नता छ भन्नेतर्फ तुलनात्मक अध्ययन केन्द्रित छ । फरक-फरक चलहरूका बीच तुलनात्मक विश्लेषण गर्न मध्यमान, मानक विचलन, 'Z' परीक्षण जस्ता साङ्ख्यिकीहरूलाई उपयोगमा ल्याइएको छ ।

'Z' परीक्षणले तुलनात्मक विश्लेषणमा उपयोग गर्दा निम्नानुसारको प्रक्रिया अपनाइएको छ :

गणना गरिएको 'Z' मान भन्दा 'Z' तालिकामा दिइएको 'Z' को मान बढी भएमा समान रहेको हुन्छ । त्यसै गरी गणना गरिएको 'Z' को मान भन्दा 'Z' तालिकामा अङ्कित Z को मान (१.९६) कम भएमा लेखन क्षमता असमान रहेको हुन्छ ।

### ५.१.१ सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना :

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'Z' मान |
|---|---|---|---|---|---|---|
| सरकारी | ४० | ६.४३ | ५.९ | १.४ | १.६३ | ३.१५ |
| निजी | २० | ५.१० | | १.६ | | |

माथिको तालिकामा सरकारी विद्यालयबाट ४० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा आएका छन् । समग्र मध्यमान ५.९ छ । समूहगत रूपमा मध्यमानलाई हेर्दा सरकारी विद्यालयतर्फ ६.४३ र निजी विद्यालयको ५.१० रहेको छ । समग्र मानक विचलन १.६३ रहेको देखिन्छ । समूहगत रूपमा मानक विचलन सरकारी र निजी विद्यालयको क्रमश: १.४ र १.६ रहेको छ । दुबै समूहबीच तुलना गर्दा 'Z' मान ३.१५ अङ्कित छ ।

यहाँ समग्र मध्यमानका आधारमा समूहगत मध्यमानलाई हेर्दा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थी समूहको मध्यमान ०.५३ ले समग्र मध्यमानभन्दा बढी छ । निजी विद्यालयमा अध्ययनरत विद्यार्थी समूहको मध्यमान समग्र मध्यमानभन्दा ०.८ ले कम रहेका देखिन्छ । यसबाट निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूभन्दा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको छ भन्न सकिन्छ ।

यसैगरी समग्र मानक विचलनलाई आधार मान्दा तालिकामा समग्र मानक विचलन १.६२ रहेको छ । समग्र मानक विचलनभन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन ०.२६ ले कम देखिन्छ भने निजी विद्यालयका विद्यार्थीहरूको मानक विचलन समग्र मानक विचलनभन्दा ०.०३ ले बढी छ ।

मध्यमान र मानक विचलनका आधारमा यी दुई समूहहरूको क्षमताबीच सार्थक अन्तर रहेको देखिन्छ । जसलाई अझ सूक्ष्मगत रूपमा केलाउँदा ०.०५ सार्थकताको तहमा 'Z' को मान हेर्दा यी दुई समूहको निबन्धलेखन क्षमतामा सार्थक अन्तर रहेको तथ्याङ्कले पुष्टि गर्दछ । यसरी सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा भिन्नता छैन भन्ने र प्राक्कल्पना मिथ्या सावित भएको छ ।

निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूभन्दा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता बढी देखिनुको कारण भाषाको हो । निजी विद्यालयबाट नमुना प्रतिनिधिका रुपमा समावेश गरिएका केही विद्यार्थीहरू विज्ञान समूहका रहेका थिए । उनीहरूको पढाइको माध्यम अङ्ग्रेजी भाषा रहेको देखिन्छ । त्यसै गरी उनीहरूको पढाइको वातावरण पनि अङ्ग्रेजी हुने गरेको हुन्छ ।

उनीहरूले प्रवेशिका परीक्षा बोर्डिङ्ग स्कुलबाट उत्तीर्ण गरेका थिए । त्यहाँ अङ्ग्रेजी भाषालाई सर्वोपरी ठान्दै अनिवार्य नेपाली विषयको शिक्षणबाहेक अन्य विषयहरूको अध्ययन तथा विद्यालयका अन्य अतिरिक्त क्रियाकलापहरूमा समेत नेपाली भाषाको प्रयोग बन्देज लगाउने प्रयत्न गरिने हुँदा नेपाली भाषाको लेखन कलामा विद्यार्थीहरूको क्षमता कमजोर हुने भएकाले त्यसको असर उच्च तहमा पनि परेको देखिन्छ । माथिको तालिकाबाट आएको नतिजा पनि यसै पृष्ठभूमिको उपज हो भन्न सकिन्छ । प्रस्तुत अध्ययनमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको समान सङ्ख्यामा प्रतिनिधित्व गराउने अध्येताको प्रयास रहे पनि निजी

विद्यालयको वेवास्ताको कारण सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्यामा असमान रहेको छ ।

### ५.१.२ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना :

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'Z' Test |
|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ४६ | ५.७९ | ५.९ | २.४ | १.६३ | ०.८० |
| नेपाली विमातृभाषी | १४ | ६.२ | | १.४५ | | |

उर्पयुक्त तालिकामा भाषिक पृष्ठभूमिका आधारमा मातृभाषा नेपाली हुने ४६ जना र मातृभाषा नेपाली नहुने १४ जना विद्यार्थीहरूलाई प्रतिनिधित्व नमुना जनसङ्ख्याका रुपमा समावेश गरिएको छ । समूहको समग्र मध्यमान ५.०९ छ । समूहगत रुपमा नेपाली मातृभाषी विद्यार्थीको मध्यमान ५.७९ र नेपाली विमातृभाषी विद्यार्थीको मध्यमान ६.२ र रहेको छ । नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको मानक विचलन क्रमशः २.४ र १.४५ रहेको छ । जहाँ समग्र मानक विचलन १.६३ देखिन्छ । साथै माथिको तालिकामा 'Z' मान ०.८० रहेको छ ।

समग्र मध्यमानलाई आधार मान्दा समूहगत मध्यमान नेपाली मातृभाषी समूहतर्फ केही कम देखिन्छ । तर दुवैको मध्यमान धेरै टाढा नभई नजिक (५.७९/६.२) देखिनुले समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता समान रहेको छ भन्न सकिन्छ । नेपाली विमातृभाषी समूहको मध्यमान समग्र मध्यमानभन्दा ०.३ ले बढी देखिन्छ । यसैगरी नेपाली मातृभाषी समूहको भन्दा नेपाली विमातृभाषी समूहको मध्यमान ०.४१ ले बढी देखिन्छ । यस आधारमा नेपाली मातृभाषी विद्यार्थीभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता केही मात्रामा माथि रहेको देखिन्छ ।

यसैगरी मानक विचलनलाई आधार मान्दा दुवै समूहको मानक विचलनमा ०.९५ को अन्तर देखिन्छ । समग्र मध्यमानलाई आधार मान्दा नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान समग्र मध्यमानभन्दा ०.११ ले मात्र कम देखिनुले समग्र मध्यमान र नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान धेरै नजिक देखिन्छ । त्यसैगरी नेपाली विमातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान समग्र मध्यमानभन्दा ०.३ ले बढी देखिन्छ । नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमानको अन्तर हेर्दा नेपाली मातृभाषीभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान ०.४१ ले बढी देखिन्छ । यस आधारमा नेपाली मातृभाषीभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता केही माथि रहेको देखिन्छ । मानक विचलनलाई समूहगत रूपमा हेर्दा पनि नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन नेपाली विमातृभाषी विद्यार्थीभन्दा केही बढी देखिन्छ ।

यसरी मध्यमान र मानक विचलनका आधारमा यी दुवै समूहबीचको अन्तर खासै देखिदैन् । दुई समूहबीच अन्तर छ वा छैन भन्नेतर्फ वस्तुगत रूपमा केलाउन 'Z' को मान ०.०५ सार्थकताको तहमा हेर्दा यी दुई समूहको निबन्धलेखन क्षमतामा सार्थक अन्तर नभई समानता रहेको पाइन्छ । गणना गरिएको 'Z' को मान (०.८०) भन्दा 'Z' तालिकामा अङ्कित 'Z' को मान (१.९६) बढी रहेको तथ्यले यस कुराको सङ्केत गर्दछ । यसरी नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित भएको छ ।

प्रस्तुत अध्ययनमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको समान प्रतिनिधित्व गराउने अध्येताको प्रयास रहेपनि नमुना प्रतिनिधि विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू नेपाली विमातृभाषी भाषिक पृष्ठभूमि भएका कम पाइनुले दुई समूहका बीच प्रतिनिधि विद्यार्थीहरूको सङ्ख्या असमान रहेको छ । कञ्चनपुर जिल्लामा नेपाली मातृभाषी विद्यार्थीहरूको अत्यधिक प्रभाव परेको र कम मात्रामा मात्र नेपाली विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या भएको तथा नेपाली विमातृभाषीहरूको अनौपचारिक भाषा पनि बढी जसो नेपाली नै हुने भएकाले नै नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूकाबीच निबन्धलेखन क्षमतामा खासै अन्तर देखिँदैन । त्यसैगरी उच्च तहमा प्रवेश गरिसकेपछि विद्यार्थीहरूमा भाषिक कठिनाइ त्यति धेरै नपर्ने देखिन्छ । यस कारणले पनि यी दुई समूहका बीच निबन्धलेखन क्षमतामा खासै अन्तर नदेखिएको हो भनी भन्न सकिन्छ ।

**५.१.३ लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना :**

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'Z' मान |
|---|---|---|---|---|---|---|
| छात्र | २५ | ५.९१ | ५.९ | ३.२ | १.६३ | ०.०६ |
| छात्रा | ३५ | ५.८७ | | १.५८ | | |

प्रस्तुत तालिकामा लैङ्गिक दृष्टिले विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्न २५ जना छात्र र ३५ जना छात्राहरूलाई प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । समूहगत मध्यमान छात्र र छात्राहरू क्रमशः ५.९१ र ५.८७ देखिन्छ । तालिकामा समग्र मध्यमान ५.९ देखिन्छ । समूहगत रूपमा मानक विचलनलाई नियाल्दा छात्र समूहतर्फ ३.२ छात्रा समूहतर्फ १.५८ अङ्कित गरिएको छ । समग्र मानक विचलन १.६२ रहेको छ । तालिकामा 'Z' को मान ०.०६ रहेको देखिन्छ ।

तालिकाअनुसार समग्र मध्यमानका आधारमा समूहगत मध्यमानलाई हेर्दा समग्र मध्यमानका तुलनामा छात्र समूहको मध्यमान  ०.०१ ले बढी देखिन्छ । समग्र मध्यमानभन्दा छात्रा समूहको मध्यमान ०.०३ ले कम रहेको छ । त्यसैगरी समूहगत मध्यमानको तुलना गर्दा छात्रा समूहभन्दा छात्र समूहको मध्यमान ०.०४ ले बढी रहेको देखिन्छ । एक समूहबाट अर्को समूहको मध्यमानको अन्तर ०.०४ मात्र हुनुलाइ नगण्य रूपमा लिइन्छ ।

समग्र मानक विचलनका तुलनामा छात्र र छात्राको विचलनलाई हेर्दा छात्रा समूहको कम (०.०५ ले) देखिन्छ । भने छात्र समूहको बढी रहेको छ । यसको अर्थ छात्रा समूहभन्दा छात्र समूहका विद्यार्थीहरू केही बढी विचलित भएको पाइन्छ ।

तालिकाको अध्ययन गर्दा छात्रा समूहभन्दा छात्र समूहको क्षमता ०.०४ ले मात्र बढी देखिन्छ । जुन मान नगण्य मान्न सकिन्छ । यी दुई समूहको अन्तरलाई अझ वस्तुगत रूपमा हेर्दा पहिचान गर्न ०.०५ को सार्थकताको तह Z को मान हेर्दा यी दुई समूहको निबन्धलेखन क्षमतामा सार्थक अन्तर नरहेको प्रस्तुत तथ्याङ्कले दर्साउछ । गणना गरिएको 'Z' को मान ०.०६

भन्दा 'Z' को तालिकामा अङ्कित 'Z' को मान (१.९६) बढी भएको तथ्यले यस कुरालाई पुष्टि गर्दछ ।

यसरी लैङ्गिक आधारमा छात्र र छात्राको निबन्धलेखन क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित हुन पुगेको छ ।

### ५.४.१ स्थानीयताका आधारमा ग्रामीण र सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'Z' Test |
|---|---|---|---|---|---|---|
| ग्रामीण | ३० | ५.९२ | ५.९ | १.४२ | १.६३ | ०.३९ |
| सहरी | ३० | ५.८५ | | १.९ | | |

माथिको तालिकामा ग्रामीण विद्यालयतर्फ ३० र सहरी विद्यालयतर्फका ३० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा आएका छन् । समग्र मध्यमान ५.९ छ । समूहगत रूपमा मध्यमान हेर्दा ग्रामीण विद्यालयतर्फ ५.९२ र सहरी विद्यालयतर्फ ५.८५ रहेको छ । समग्र मानक विचलन १.६३ रहेको छ । समूहगत रूपमा मानक विचलन ग्रामीण र सहरी विद्यालयको क्रमशः ५.९२ र ५.८५ अङ्कित छ । दुवै समूहबीच तुलना गर्दा 'Z' मान ०.३९ रहेको अङ्कित छ ।

यहाँ समग्र मध्यमानका आधारमा समूहगत मध्यमानतर्फ हेर्दा ग्रामीण विद्यालयका विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानभन्दा ०.०२ ले बढी र सहरी विद्यालयका विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानभन्दा ०.०५ ले कम देखिन्छ । सहरी विद्यालयका तुलनामा ग्रामीण विद्यालयका विद्यार्थी समूहको मध्यमान ०.०७ ले मात्र बढी छ, जसलाई नगण्य मान्न सकिन्छ । यसरी हेर्दा ग्रामीण र सहरी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर देखिएन ।

समग्र मानक विचलनलाई आधार मान्न ग्रामीण र सहरी विद्यालयका आधार मान्दा ग्रामीण र सहरी विद्यालयका दुवै समूहका विद्यार्थीहरूको समूहगत मानक विचलन क्रमशः

१.४२ र १.९ रहेका पाइन्छ । ग्रामीण विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन समग्र मानक विचलनभन्दा ०.२१ ले कम र सहरी विद्यालयका विद्यार्थीहरूको समूहगत मानक विचलन समग्र मानक विचलनभन्दा ०.२७ ले बढी विचलित रहेको छ । जुन न्यून हो भन्न सकिन्छ । यसलाई अझ वस्तुगत रूपमा केलाउन ०.०५ को सार्थकताको तहमा Z को मान हेर्दा यी दुई समूहको निबन्धलेखन  क्षमतामा सार्थक अन्तर नरहेको तथ्याङ्कले देखाउँछ । गणना गरिएको Z को मान (०.३९)  'Z' तालिकामा अङ्कित 'Z' को मान (१.९६) भन्दा कम भएको तथ्यले यस कुराको पुष्टि गरेको छ । यसरी ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूभन्दा सहरी क्षेत्रका विद्यार्थीहरू निबन्धलेखन क्षमता बढी हुनेछ भन्ने प्राक्कल्पना मिथ्या साबित भएको छ ।

छनोटमा गरिएका ग्रामीण क्षेत्रका विद्यालयहरूमा भौतिक सुविधाहरू पर्याप्त हुनु, उपयुक्त शिक्षकहरू हुनुजस्ता कारणले त्यहाँका विद्यार्थीहरूमा निबन्धलेखन क्षमता राम्रै देखिन्छ । त्यसैगरी छनोटमा परेका ती विद्यालयहरू सदरमुकाम (सहर) सँगै जोडिएका थिए । ग्रामीण क्षेत्रका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूले प्रारम्भिक तहदेखि प्रवेशिका परीक्षासम्म सरकारी विद्यालयमा अध्ययन गरेका थिए । यसले गर्दा उनीहरुमा भाषिक कठिनाइ हुँदैन । उनीहरूले विद्यालयमा सम्पूर्ण कार्यकलाप नेपाली भाषाका माध्यमबाट नै गर्ने गर्दछन् ।

यी विभिन्न कारणले गर्दा ग्रामीण क्षेत्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो देखिएको पाइन्छ ।

## परिच्छेद - ६

## निष्कर्ष र सुझाव

### ६.१ निष्कर्ष :

कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतासम्बन्धी प्रस्तुत अध्ययनबाट निम्नलिखित निष्कर्ष निकाल्न सकिन्छ :

१.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ६६.६६ प्रतिशत विद्यार्थीहरूले ६० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता मापन गराउन सफल देखिनुले कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

१.२ समग्र मध्यमान ५.९ हुनु र समग्र विद्यार्थीहरूको समग्र मध्यमानका आधारमा निबन्धलेखन क्षमताको मापन गर्दा मध्यमानभन्दा माथि ६६.६६ प्रतिशत विद्यार्थीहरू रहेको देखिनुले विद्यार्थीहरूको निबन्धलेखन क्षमताको राम्रोपनको सङ्केत गर्दछ ।

२.१ सरकारी विद्यालय समूहका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ६० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या (४६.७६ प्रतिशत) भन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५३.३३ बढी भएकाले विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक देखिन्छ ।

२.२ समूहगत मध्यमानका आधारमा सरकारी विद्यालय समूहका विद्यार्थीहरूको मध्यमान ६.४३ हुनु आफैमा राम्रो हो । सरकारी विद्यालय समूहका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता हेर्दा सन्तोषजनक नै छ भन्न सकिन्छ । समूहगत मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूको सङ्ख्या ५० प्रतिशत रहनुले यस कुराको पुष्टि गर्दछ ।

३.१ निजी विद्यालय समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई प्रतिशताङ्क स्थिति गणना गर्दा ६० प्रतिशतभन्दा माथि १३.३३ प्रतिशत विद्यार्थीहरू मात्र रहनुले निजी विद्यालयमा अध्ययनरत विद्यार्थीको निबन्धलेखन क्षमताको स्तर सन्तोषजनक पाइँदैन ।

३.२ निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको मध्यमान ५.१० हुनु चाहिँ राम्रो हो । समूहगत मध्यमानका आधारमा निजी विद्यालय समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई अध्ययन गर्दा समूहगत मध्यमानभन्दा माथि ३५ प्रतिशत र मध्यमानभन्दा तल ६५ प्रतिशत विद्यार्थी सङ्ख्या देखिनुले निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्तर कमजोर पाइन्छ ।

४.१ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई लिएर प्रतिशताङ्क स्थिति गणना गर्दा सन्तोषजनक नतिजा पाउन सकिन्छ । किनकि ६० प्रतिशतभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ६३.०४ प्रतिशत अङ्कित छ ।

४.२ समूहगत मध्यमानभन्दा माथि ६९.५६ प्रतिशत नेपाली मातृभाषी विद्यार्थीहरू निबन्धलेखन क्षमताको मापन गराउन सफल भएको देखिन्छन् । त्यसैले निबन्धलेखन क्षमतामा नेपाली मातृभाषी विद्यार्थीहरूको स्तर कमजोर देखिँदैन ।

५.१ निबन्धलेखन क्षमतालाई लिएर प्रतिशताङ्क गणना गर्दा ६० प्रतिशतभन्दा माथि ७८.५७ प्रतिशत विद्यार्थी रहनुले नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता उत्कृष्ट रहेको देखिन्छ ।

५.२ समूहगत मध्यमानका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन सङ्ख्या राम्रो पाइन्छ । जसलाई समूहगत मध्यमानभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीको सङ्ख्या ७१.४२ प्रतिशत रहनुले यस कुराको पुष्टि गर्दछ ।

६.१ समग्र विद्यार्थीहरूमध्ये छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक पाउन सकिन्छ । ६० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता मापन गराउन ६५.७१ प्रतिशत छात्राहरु सफल भएको देखिनुले यसलाई पुष्टि गर्दछ ।

६.२ समग्र छात्रा विद्यार्थीहरूको क्षमतालाई समूहगत मध्यमानका आधारमा अध्ययन गर्दा सामान्य रूपमा सन्तोषजनक नतिजा पाउँन सकिन्छ । ६५.७१ प्रतिशत छात्राहरूले समूहगत मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता मापन गराउन सफल भएको तथ्यले यस कुराको जानकारी गराउँदछ ।

७.१ समग्र विद्यार्थीहरूमध्ये छात्र समूहको निबन्धलेखन क्षमतालाई लिएर प्रतिशताङ्क गणना गर्दा ६० प्रतिशतभन्दा माथि बहुसङ्ख्यक अर्थात् ६८ प्रतिशत विद्यार्थीहरू रहनुले निबन्धलेखन क्षमतामा छात्र समूहका विद्यार्थीहरूको स्तर सन्तोषजनक पाइन्छ ।

७.२ समूहगत मध्यमानको आधारमा समग्र छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषप्रद मान्न सकिन्छ । जसलाई समूहगत मध्यमानभन्दा माथि ६८ प्रतिशत छात्रहरूले निबन्धलेखन क्षमताको मापन गराउन सफलता भएको तथ्यले पुष्टि गरेको छ ।

८.१ ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई लिएर प्रतिशताङ्क स्थिति गणना गर्दा सन्तोषजनक नतिजा पाउन सकिन्छ । किनकि ६० प्रतिशतभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ७६.६६ अङ्कित गरिएको छ ।

८.२ समूहगत मध्यमानभन्दा माथि ७६.६६ प्रतिशत विद्यार्थीहरूले निबन्धलेखन क्षमताको मापन गराउन सफल भएको देखिन्छ । यसबाट ग्रामीण विद्यालयका विद्यार्थीहरूको स्तर राम्रो देखिन्छ ।

९.१ ७५ प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने सबै (३ जना) विद्यार्थी सहरी क्षेत्रका रहेका छन् । यस आधारमा सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूमा क्षमता बढी देखिन्छ । ६०

प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने सहरी विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ५६.६६ प्रतिशत रहेको देखिन्छ ।

९.२ समूहगत मध्यमानका आधारमा सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक देखिन्छ । जसलाई समूहगत मध्यमानभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ५६.६६ प्रतिशत रहनुले यस कुरालाई प्रमाणित गर्दछ ।

१०.१ संस्थागत पृष्ठभूमिका आधारमा निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्दा सरकारी विद्यालय समूहका विद्यार्थीहरू निजी विद्यालय समूहका विद्यार्थीहरूको तुलनामा अपेक्षाकृत बढी प्रतिशत अगाडि देखिन्छन् । यस कुराले यी दुई समूहका विद्यार्थीहरूबीच सार्थक अन्तर रहेको प्रष्ट हुन्छ । गणना गरिएको Z को मानभन्दा ०.०५ सार्थकताको तहमा Z तालिकामा दिईएको Z को मान कम हुनुले यस तथ्यको पुष्टि गरेको छ ।

११.१ समग्र विद्यार्थी सङ्ख्याका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलना गर्दा यी दुबै समूहका बीच सार्थक अन्तर देखिँदैन । गणना गरिएको Z को मानभन्दा ०.०५ सार्थकताको तहमा Z तालिकामा दिइएको Z को मान बढी रहेको कुराले यसलाई पुष्टि गर्दछ ।

१२.१ लैङ्गिकताको आधारमा निबन्धलेखन क्षमताको तुलना गर्दा छात्र र छात्राहरूका बीच निबन्धलेखन क्षमतामा खासै (सार्थक) अन्तर देखिँदैन । गणना गरिएको Z को मा ०.०६ रहनुले यो कुरालाई सङ्केत गर्दछ ।

१३.१ स्थानीयताका आधारमा निबन्धलेखन क्षमताको तुलना गर्दा ग्रामीण र सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर देखिदैन । यी दुई समूहको बीच भिन्नता छैन भन्ने कुरा गणना गरिएको Z को मानभन्दा ०.०५ सार्थकताको तहमा Z तालिकामा दिइएको Z को मान बढी देखिनुले यस कुराको पुष्टि भएको छ ।

## ६.२ सुझाव :

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसार सुझावहरू दिइएको छ :

क) निबन्धलेखनले लेखाइ सीपमा प्रौढता ल्याउने भएकाले भाषा पाठ्यपुस्तकमा यसलाई विशेष स्थान दिनुपर्दछ ।

ख) निबन्धलेखन कला विद्यार्थीहरुको लेखनकला जाँच्ने विशिष्ट लेखाइ सीप भएकाले समसामयिक विषयमा विद्यार्थीहरूलाई निबन्धलेखनमा अभ्यस्त गराउनु पर्दछ ।

ग) अध्ययन -अध्यापन गरिएको विषयवस्तुमा विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाई आदि,मध्य र अन्त्यको बिबेचनात्मक ढाँचामा प्रस्तुत गर्न लगाउनुपर्दछ ।

घ) पाठ्यक्रम विकास केन्द्रले स्तरअनुकूल विभिन्न प्रकारका निबन्धहरू समावेश गरि निबन्धलेखन सम्बन्धी आधिकारिक पुस्तकको संयोजन गरिनु पर्दछ ।

ङ) उच्च मा.वि. तहको बोर्ड परीक्षामा समावेश गरिने प्रश्नपत्रमा निबन्धलेखन सम्बन्धी प्रश्न ऐच्छिक रुपमा समावेश नगरी यसलाई अनिवार्य गरिनु पर्दछ ।

च) नेपाली विषय शिक्षण गर्ने शिक्षकलाई बेला-बेला पुनर्ताजगी तालिम प्रदान गर्नु उपयुक्त हुन्छ ।

छ) निजी विद्यालयमा माध्यमिक तहसम्म अंग्रेजी भाषालाई सर्वोपरि ठान्दै नेपाली भाषाको शिक्षणमा लापर्वाही गरिने भएकाले यसको प्रभाव उच्च माध्यमिक तहमा पनि परेकाले त्यस्ता विद्यालयमा नेपाली भाषाको शिक्षणमा भएका कमजोरी अन्त्य गर्नुपर्दछ ।

ज) विद्यार्थीहरूमा घोक्ने बानी देखिएकाले त्यस्तो वानी हटाई स्वतन्त्र मौलिक लेखन सीपको विकास गर्नु उपयुक्त हुन्छ ।

झ) उच्च मा.वि. तहमा निबन्ध शिक्षण गरिन्छ तर निबन्धलेखन सम्बन्धी क्रियाकलाप नगरिने भएकाले शिक्षकले विद्यार्थीहरूलाई कहिलेकाहीँ निबन्ध शीर्षक दिई लेखन अभ्यास गराउनुपर्दछ ।

ञ) विद्यालयमा आयोजना हुने विभिन्न कार्यक्रमहरूमा निबन्धलेखन प्रतियोगिता आयोजना गरेर विद्यार्थीहरूमा निबन्धलेखन क्षमता विकास गर्न सकिन्छ ।

ट) विद्यालयको पुस्तकालयमा विद्यार्थीहरूका निम्ति उपयुक्त विभिन्न पुस्तकहरू राख्दा उपयुक्त हुन जान्छ ।

ठ) विभिन्न संघसंस्था, क्षेत्र तथा जिल्लास्तरीय निबन्ध प्रतियोगिताहरूमा विद्यार्थीहरूलाई भाग लिन लगाई रचनात्मक तथा मनोवैज्ञानिक तवरले निबन्धलेखन क्षमताको विकास गर्दै लैजान सकिन्छ ।

ड) नेपाली मातृभाषी विद्यार्थीहरूमा पनि निबन्धलेखन क्षमता सन्तोषजनक नरहेकाले त्यस्ता विद्यार्थीहरूले लेखनकलामा सचेतता अपनाउनुपर्ने देखिन्छ ।

ढ) विज्ञान, वाणिन्य सङ्कायका अधिकांश विद्यार्थीहरूले नेपाली विषयलाई हेयका दृष्टिले हेर्ने, कक्षा नलिनेजस्ता कारणले उनीहरुमा लेखनक्षमता कमजोर देखिएकाले त्यस्तो परिपाटीलाई अन्त्य गर्ने कोसिस गर्नुपर्दछ ।

ण) भाषापाठ्यपुस्तकमा भाषाका चारै सीपहरूको समुचित विकास गर्दै लैजान पाठ्यपुस्तकको चयन गर्दा क्षेत्र, लिङ्ग, भाषिक पृष्ठभूमि, स्थानीयता, जस्ता पक्षहरूलाई ध्यानमा राख्नु पर्दछ ।

**६.३ शैक्षिक प्रयोजन :**

लेखनकलाको विकासमा महत्त्वपूर्ण कार्यकलाप निबन्धलेखन हो । लेखनकला भाषिक सीपसँग सम्बन्धित छ । यस अर्थमा निबन्धलेखन क्षमताले भाषिक सीपसँग सोझो सम्बन्ध राख्दछ । भाषिक सीपहरु एक-अर्कामा अन्तरसम्बन्धित हुन्छन् । यसप्रकार आपसमा जेलिएका भाषिक सीपहरूलाई छुट्टाछुट्टै शिक्षण गर्न सकिँदैन । सुनाइ र पढाइका माध्यमबाट कुनै पनि कुराको बोध हुन्छ भने बोलाइ र लेखाइका माध्यमबाट अभिव्यक्ति प्रकट हुन्छ । यसरी ज्ञानको आदान र प्रदान भाषिक सीपहरूबाट विकसित भइरहेको हुन्छ । अतः अध्येताले प्रस्तुत अनुसन्धान अध्ययनको निम्नलिखित शैक्षिक प्रयोजन भएको अनुभव गरेका छन् -

i) यस अनुसन्धान अध्ययनबाट उच्च माध्यमिक तहमा नेपाली भाषा पाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्नेछ ।

ii) यस अध्ययनले भाषा शिक्षण विधि तथा पद्धतिमा थप अनुसन्धान गर्ने आधार दिनेछ ।

iii) निबन्धलेखन क्षमतासँग सम्बन्धित अन्य अनुसन्धान अध्ययनका लागि यो अध्ययन आधार बन्नेछ ।

iv) यस अध्ययनले विद्यार्थीहरूको लेखाइ क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याउनेछ ।

v) उच्च माध्यमिक तहमा निबन्धलेखन शिक्षणको महत्त्वका बारेमा प्रस्तुत अध्ययनमा स्पष्ट गरिएको छ ।

vi) यस अध्ययनले उच्च माध्यमिक तहको भाषा पाठ्यपुस्तक निर्माण गर्दा लिङ्ग, स्थानीयता, भाषिक पृष्ठभूमि उमेर आदि कुराको ख्याल गर्नुपर्दछ भनी आवश्यकता बोध गराउनेछ ।

vii) नेपाली विषयप्रति हेराइमा रहेको परम्परागत दृष्टिकोणलाई सुधार गर्न मद्दत मिल्नेछ ।

viii) भाषा शिक्षणको विधि तथा पद्धतिहरुमा पनि थप सहयोग गर्नेछ ।

ix) उच्च माध्यमिक तहमा निबन्धलेखन शिक्षणको महत्त्वका बारेमा स्पष्ट पार्नेछ ।

x) भाषा पाठ्यपुस्तकमा निबन्धलेखनमा शिक्षणको अपरिहार्यता देखाई निबन्धलेखनक्षमता अभिवृद्धि गर्न सहयोग गर्नेछ ।

xi) विगत र वर्तमानमा भएका अनुसन्धानहरुको जानकारी दिँदै लेखन क्षमतासम्बन्धी अनुसन्धानको महत्त्व प्रस्तुत अध्ययनले जानकारी दिनेछ ।

xii) यस अध्ययनले निबन्धलेखन कार्यमा कसरी दक्ष बन्न सकिन्छ भन्ने बारेमा मार्गदर्शन प्रदान गर्नेछ ।

**६.४ अध्ययनका सीमाहरू :**

अनुसन्धान भनेको नयाँ तथ्य पत्ता लगाउन वा पुरानै तथ्यको पुनरावलोकन र पुनर्व्याख्या गर्न गरिएको तर्कसङ्गत व्यवस्थित र औपचारिक खोजी हो । तसर्थ यो एक जटिल र सिर्जनशील कार्य हो । खोजमूलक कार्य गर्नु सहज नहुने भएकाले यसका निम्ति निरन्तरको परिश्रम, दृढ निश्चय र ठूलो साहसको आवश्यकता पर्दछ । अनुसन्धान कार्यमा विभिन्न प्रकारका बाधा, अवरोधहरू खडा हुने गर्दछन् । त्यसमा पनि निबन्धलेखन क्षमतासम्बन्धी सोभ्कै विद्यार्थीसँग सम्बन्ध राख्ने विषय शीर्षकमा शोध गर्नु कठिन कार्य हो । यसमा विभिन्न अवरोध आउनु एक स्वाभाविक प्रक्रिया हो । कुनै पनि अध्ययनको क्षेत्र परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । समयको सीमितता , आर्थिक अभाव, भौगोलिक कठिनाइजस्ता कारणले अध्ययनको पक्षलाई समेटन कठिनाइ हुन भएकाले अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपरेको छ । प्रस्तुत शोधमा थुप्रै कमी-कमजोरी तथा सीमाहरू छन् । ती सीमाहरूलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएका छन् -

i) कञ्चनपुर जिल्लाका उच्च मा.वि.तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्दा सम्पूर्ण जिल्लाभरिका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूबाट समेटने गरी प्रतिनिधि नमुना जनसङ्ख्या छनोट गर्नुपर्ने हो तर यस अध्ययनमा ६ वटा विद्यालयका जम्मा ६० जना विद्यार्थीहरू मात्र समेटिएका छन् । किनकि समयको सीमितताका कारण जिल्लाका सम्पूर्ण विद्यालयहरूमा पुग्न सकिएन ।

ii) सरकारी र निजी विद्यालयका ३०/३० जना विद्यार्थीहरू छनोट गर्नुपर्ने हो तर विविध कारणले त्यो सम्भव भएन ।

iii) विभिन्न विद्यालयबाट छनोट भएका प्रतिनिधि नमुना जनसङ्ख्यामध्ये ३० जना नेपाली मातृभाषी तथा ३० जना नेपाली विमातृभाषी विद्यार्थीहरू समावेश गर्नुपर्ने हो, जसले गर्दा तथ्याङ्कको नतिजा विश्वसनीय हुन्छ तर त्यसो गर्न नसकी ४६ जना नेपाली मातृभाषी र १४ जना नेपाली विमातृभाषी विद्यार्थीहरू छनोटमा परेका छन् ।

iv) प्रतिनिधि नमुना जनसङ्ख्या छनोट गर्दा समावेशीको आधारमा गर्नुपर्ने हो तर त्यसो गर्दा गर्दै पनि सबै जातजाति, भाषाभाषी, पृष्ठभूमि भएका विद्यार्थीहरूलाई समावेश गर्न सकिएन ।

परिशिष्ट क

निबन्धलेखनमा उपयोग गरिएका प्रतिनिधि शीर्षकहरु

१. मेरो जीवनको लक्ष्य

२. प्रतिभा पलायनः समस्या र समाधान

३. नेपालमा पर्यटन व्यवसाय

४. मेरो साहसिक यात्रा

## नमुना विद्यालय तथा विद्यार्थीहरूको नामावली

## सरकारी विद्यालयहरूतर्फ

**क) श्री बैजनाथ नमुना उच्च मा.वि. भीमदत्तनगर, कञ्चनपुर**

| | |
|---|---|
| १. लक्ष्मी चन्द 'क' | ६. वीरेन्द्रबहादुर ठकुराठी |
| २. हिमाल डगौँरा | ७. लोकेन्द्र कार्की |
| ३. खडक दहित | ८. भोजराज जोशी |
| ४. लक्ष्मी चन्द 'ख' | ९. भोजराज भट्ट |
| ५. निरु चन्द | १०. कलावती चौधरी |

**ख) श्री भानु उच्च मा.वि.दोधारा चाँदनी, कञ्चनपुर**

| | |
|---|---|
| १. जानकी कुमारी भट्ट | ६. विनिता कमारी थापा |
| २. पद्मा पुजारा | ७. बाशुदेव कलौनी |
| ३. धनसरा रावत | ८. संगीता साउँद |
| ४. सन्तोषराज भट्ट | ९. पार्वती थापा |
| ५. राजेन्द्र भट्ट | १०. मनरुपा थापा |

**ग) श्री भुवनेश्वरी उच्च मा.वि. सिसैया, कञ्चनपुर**

| | |
|---|---|
| १. राजुकुमारी नाथ | ६. निशा के.सी. |
| २. अनिता बोहरा | ७. तारा बोहरा |
| ३. भीमराज गिरी | ८. भगवती चौधरी |
| ४. चक्रबहादुर चौधरी | ९. शान्ति भण्डारी |
| ५. तुलसी साउँद | १०. शारदा चन्द |

घ) **श्री रौलेश्वर उच्च मा.वि. बेल्डाँडी, कञ्चनपुर**

| | |
|---|---|
| १. ईश्वरी कुमारी ठकुराठी | ६. तुलसी भट्ट |
| २. प्रकाश साउँद | ७. उर्मिला जोशी |
| ३. गोरखबहादुर बुढा | ८. नरेश ओखडा |
| ४. कर्णबहादुर रावत | ९. दुर्गादत्त जोशी |
| ५. अनिता कुमारी चौधरी | १०. सरिता कुमारी लिम्बु |

**निजी विद्यालयतर्फ**

क) **श्री जनज्योति उच्च मा.वि. भीमदत्तनगर, कञ्चनपुर**

| | |
|---|---|
| १. नारायणी कुमारी चौधरी | ६. पानबहादुर चन्द |
| २. रुपा थापा | ७. हीरा कोली |
| ३. कमल नेपाली | ८. बसन्ती जोशी |
| ४. सीता कुमारी विष्ट | ९. प्रियंका चौधरी |
| ५. करुणा भट्ट | १०. हेमराज गिरी |

ख) **श्री रेडियण्ट उच्च मा.वि. भीमदत्तनगर, कञ्चनपुर**

| | |
|---|---|
| १. सुनिल कुँवर | ६. वीरेन्द्र बोहरा |
| २. मोहन बुढा | ७. धनमती कुमारी ठगुन्ना |
| ३. टंक बुढा | ८. माया कुमारी चौधरी |
| ४. चन्द्रसिंह धामी | ९. लक्ष्मी जोशी |
| ५. दिनेशकुमार शाह | १०. शोभा बुढा |